अख्तियार दुरुपयोग अनुसन्धान आयोगको

# पाँचौं रणनीतिक योजना

(आ.व. २०८१/८२–२०८५/८६)




अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं, नेपाल
२०८१

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको

# पाँचौं रणनीतिक योजना

(आ.व. २०८१/८२-२०८५/८६)

| | |
|---|---|
| प्रकाशक | : अख्तियार दुरुपयोग अनुसन्धान आयोग<br>टङ्गाल, काठमाडौं |
| प्रकाशन मिति | : २०८१ |
| पृष्ठ सङ्ख्या | : ५६ पेज |
| प्रकाशित सङ्ख्या | : १००० प्रति |
| सर्वाधिकार | : प्रकाशकमा सुरक्षित |
| मुद्रण | : दीप कीरण प्रिन्टिङ्ग एण्ड ट्रेडर्स<br>फोन नं.: ०१-४७९१७१६<br>इमेल : deepkirantraders12@gmail.com |
| आवरण | : सिनियर प्रुफरिडर राजकुमार अधिकारी<br>अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| वेबसाइट | : www.ciaa.gov.np |
| इमेल | : info@ciaa.gov.np |

# मन्तव्य

सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान र अभियोजन गर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संवैधानिक दायित्वलाई थप दक्षता र प्रभावकारिताका साथ पूरा गर्नका लागि आयोगको आगामी पाँच वर्षको मार्गचित्रका रूपमा प्रस्तुत रणनीतिक योजना (२०८१/८२-२०८५/८६) तर्जुमा गरिएको छ। यसमा "भ्रष्टाचारमुक्त र सदाचारयुक्त सार्वजनिक क्षेत्र" को दुरदृष्टि तथा "विकासका प्रतिफल र सार्वजनिक सेवामा जनताको सन्तुष्टि अभिवृद्धि हुने गरी भ्रष्टाचार न्यूनीकरण गर्ने" ध्येय लिइएको छ। उपचारात्मक, निरोधात्मक र प्रवर्धनात्मक विधिको अवलम्बन र आयोगको संस्थागत क्षमता सुदृढीकरणमार्फत् भ्रष्टाचार न्यूनीकरण गर्नु यस रणनीतिक योजनाको उद्देश्य रहेको छ। प्रविधिको विकाससँगै भ्रष्टाचारको स्वरूप र शैलीमा भइरहेको परिवर्तनसमेतले सिर्जना गरेका चुनौती सामना गर्न उपयुक्त रणनीति, कार्यनीति, क्रियाकलाप र परिमाणात्मक लक्ष्य समावेश गरी प्रस्तुत रणनीतिक योजना तर्जुमा गरिएको छ।

यस रणनीतिक योजनामा भ्रष्टाचार न्यूनीकरण गर्ने उद्देश्यले उपचारात्मक, निरोधात्मक, प्रवर्धनात्मक र संस्थागत क्षमता विकास गरी चार वटा रणनीतिहरू तय गरिएको छ। उक्त रणनीतिहरूको कार्यान्वयनका लागि २० वटा कार्यनीति, ७५ वटा क्रियाकलाप र ३९ वटा परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ भने तिनको स्पष्ट कार्यान्वयन कार्ययोजना र अनुगमन तथा मूल्याङ्कन ढाँचा एवम् जोखिम न्यूनीकरणका उपायसमेत समावेश गरिएको छ। यी रणनीति, कार्यनीति र क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनबाट भ्रष्टाचार न्यूनीकरणमा उल्लेखनीय उपलब्धि हासिल हुने विश्वास लिएको छु।

प्रस्तुत रणनीतिक योजनामा तय भएका क्रियाकलापहरूलाई आयोगको वार्षिक कार्यक्रमहरूमा समावेश गरी क्रमिक रूपमा कार्यान्वयन गरिनेछ। साथै, रणनीति कार्यान्वयनका लागि आवश्यक कार्यविधि, निर्देशिका एवम् मापदण्डहरू समेत तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गरिनेछ। यस रणनीतिक योजनाको सफल कार्यान्वयनका लागि आयोग परिवारका साथसाथै तीनै तहका सरकार, सम्पूर्ण सार्वजनिक निकाय, गैरसरकारी सङ्घसंस्था, नागरिक समाज, सञ्चारजगत्, विकास साझेदारलगायत सबै सरोकारवालाको सद्भाव र सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा गरेको छु। आयोग स्वयम् यसको पूर्ण कार्यान्वयनमा प्रतिबद्ध रहने विश्वाससमेत दिलाउन चाहन्छु।

अन्त्यमा, यस रणनीतिक योजनाको तर्जुमा गर्ने कार्यमा अमूल्य योगदानको लागि विज्ञ डा. दिनेश पन्त र श्यामसुन्दर शर्मा, मस्यौदाउपरको छलफलमा सहभागी भई महत्वपूर्ण पृष्ठपोषण प्रदान गर्नुहुने विभिन्न पदाधिकारीहरू, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान सम्बद्ध र अन्य विज्ञहरू, सञ्चारकर्मीहरू, नागरिक समाजका विभिन्न व्यक्तित्वहरू र भ्रष्टाचार नियन्त्रणमा क्रियाशील अभियन्ताहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। साथै, आयोगका पदाधिकारी, सचिव, महाशाखा प्रमुख, कार्यालय प्रमुख एवम् महाशाखा नं. १० का कर्मचारीलाई यस रणनीतिक योजनाको तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता र क्रियाशीलताका लागि धन्यवाद दिन चाहन्छु।

धन्यवाद।

प्रेम कुमार राई
प्रमुख आयुक्त

# विषयसूची


**परिच्छेद १: परिचय, सन्दर्भ, समीक्षा र रणनीतिक योजनाको आवश्यकता**

१.१ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिचय १

१.१.१ स्थापना र संवैधानिक कार्यादेश १

१.१.२ नीतिगत एवम् कानुनी व्यवस्था १

१.१.३ सङ्गठनात्मक संरचना र दरबन्दी २

१.१.४ वित्तीय व्यवस्था २

१.१.५ पूर्वाधार व्यवस्था ३

१.१.६ आयोगको कामसँग सम्बन्धित सरोकारवालाहरू ३

१.२ भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि ४

१.३ दक्षिण एसियाली राष्ट्रहरूमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी व्यवस्था ४

१.४ भ्रष्टाचार र यसको नियन्त्रणमा नेपालको तुलनात्मक स्थान ६

१.५ चौथो रणनीतिक योजनाको समीक्षा र पाँचौं रणनीतिक योजनाको आवश्यकता ६

१.५.१ चौथो रणनीतिक योजनाको समीक्षा ६

१.५.२ विद्यमान मुख्य मुख्य समस्याहरू १०

१.५.३ नेपालमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी प्रयास ११

१.५.४ भ्रष्टाचारको बदलिँदो स्वरूप र शैली १२

१.५.५ विगतका अनुभव र सिकाइ १३

१.५.६ पाँचौं रणनीतिक योजनाको आवश्यकता १३

१.५.७ रणनीतिक योजना तर्जुमा विधि १४

**परिच्छेद २: रणनीतिक विश्लेषण र मार्गदर्शन**

२.१ आयोगको संस्थागत स्थिति विश्लेषण १६

२.२ मुख्य रणनीतिक सवालहरू २०

**परिच्छेद ३ः आयोगको पाँचौं रणनीतिक योजना**


| | | |
|---|---|---|
| ३.१ | दूरदृष्टि, ध्येय, उद्देश्य र मूल्यमान्यता | २१ |
| ३.२ | रणनीति तथा कार्यनीति | २२ |
| ३.३ | रणनीति कार्यान्वयन कार्ययोजना | २३ |
| ३.४ | परिमाणात्मक लक्ष्य | ४० |
| ३.५ | अपेक्षित उपलब्धि | ४५ |


**परिच्छेद ४ः रणनीतिक योजनाको कार्यान्वयन व्यवस्थापन**


| | | |
|---|---|---|
| ४.१ | वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन | ४६ |
| ४.२ | वित्तीय व्यवस्था | ४७ |
| ४.३ | आवश्यक मुख्य पूर्वाधार व्यवस्था | ४७ |
| ४.४ | जोखिम न्यूनीकरणको व्यवस्था | ४७ |
| ४.५ | अनुगमन तथा मूल्याङ्कन | ४८ |
| | ४.५.१ अनुगमन | ४८ |
| | ४.५.२ मूल्याङ्कन | ४९ |

# परिच्छेद १

# परिचय, सन्दर्भ, समीक्षा र रणनीतिक योजनाको आवश्यकता

## १.१ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिचय

### १.१.१ स्थापना र संवैधानिक कार्यदिश

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना वि.सं. २०४७ साल माघ २८ गते भएको हो। नेपालको संविधानको भाग २१ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन तथा काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था रहेको छ। आयोगमा प्रमुख आयुक्तसहित पाँच जना आयुक्तहरू रहने व्यवस्था छ। कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको हो। आयोगको अनुसन्धानबाट कानुनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा आयोगले त्यस्तो काम गर्ने व्यक्ति र त्यसमा संलग्न अन्य व्यक्तिउपर कानुनबमोजिम अधिकारप्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने संवैधानिक व्यवस्था रहेको छ।

आयोगले मूलतः भ्रष्टाचारसम्बन्धी विषयमा उजुरी लिएर अनुसन्धान र तहकिकात गरी अभियोजन गर्ने गराउने दण्डात्मक कार्यका अतिरिक्त भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न प्रकारका निरोधात्मक, प्रवर्धनात्मक र संस्थागत क्षमता विकासका रणनीतिहरू अङ्गीकार गरी कार्यसम्पादन गर्दै आएको छ। आयोगले प्रचलित कानुनको अधीनमा रही सदाचार, निष्पक्षता, निर्भीकता, पेसागत विशिष्टता र प्रमाणमा आधारित अनुसन्धान एवम् अभियोजन जस्ता मूल्यमान्यताका आधारमा आफ्नो संवैधानिक दायित्व निर्वाह गर्दै आइरहेको छ।



### १.१.२ नीतिगत एवम् कानुनी व्यवस्था

भ्रष्टाचार नियन्त्रणका लागि स्थापित यस आयोगको कामकारबाहीलाई व्यवस्थित गर्न विभिन्न नीतिगत र कानुनी व्यवस्था गरिएका छन्। मुख्य कानुनी व्यवस्थाहरूमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९, विशेष अदालत ऐन, २०५९, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन २०६४, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२, प्रमाण ऐन, २०३१, कानुन व्याख्यासम्बन्धी ऐन, २०१०, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८, अभियोजन मार्गदर्शन, २०७८ लगायत रहेका छन्। त्यस्तै, भ्रष्टाचारविरुद्धको रणनीति तथा कार्ययोजना, २०६५, भ्रष्टाचारविरुद्धको

संयुक्त राष्ट्रसङ्घीय महासन्धि, २००५ र उक्त महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ लगायतका दस्तावेजहरू समेत कार्यान्वयनमा रहेका छन्।

### १.१.३ सङ्गठनात्मक संरचना र दरबन्दी

आयोगमा प्रमुख आयुक्तसहित पाँच जना आयुक्तहरू रहने संवैधानिक व्यवस्था छ। आयोगको प्रशासनिक सङ्गठन संरचनातर्फ राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिवको नेतृत्वमा १२ वटा महाशाखाहरू रहेका छन्। यी महाशाखाहरूको नेतृत्व नेपाल प्रशासन सेवा, नेपाल न्याय सेवा, नेपाल इन्जिनियरिङ सेवा र नेपाल प्रहरीका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका अधिकृतहरूबाट हुने गरेको छ। आयोगको केन्द्रीय कार्यालय टङ्गाल, काठमाडौंमा रहेको छ भने आयोगका कार्यालयहरू इटहरी, बर्दिबास, हेटौंडा, पोखरा, बुटवल, सुर्खेत र कञ्चनपुरमा रहेका छन्। साथै, बुटवल कार्यालयको सम्पर्क कार्यालय नेपालगञ्जमा रहेको छ।

आयोगको केन्द्रमा ५१२ र आयोगका कार्यालयहरूमा ४७८ गरी जम्मा ९९० कर्मचारीको दरबन्दी रहेको छ। उक्त दरबन्दीमध्ये राजपत्राङ्कित पदमा ३५३, राजपत्र अनङ्कित पदमा ४६८ र श्रेणीविहीन पदमा १७९ जना कार्यरत रहेका छन्। उल्लिखित दरबन्दीमा मूलतः नेपाल प्रशासन सेवा, नेपाल न्याय सेवा, नेपाल इन्जिनियरिङ सेवा, नेपाल कृषि सेवा, नेपाल वन सेवा र नेपाल प्रहरीका कर्मचारी कार्यरत छन्। साथै, आयोगले आवश्यकतानुसार आयोग बाहिरका विज्ञहरूको समेत सेवा लिने गरेको छ।

### १.१.४ वित्तीय व्यवस्थाः



आयोगले आफ्नो स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमबाट नियमित रुपमा आफ्ना कामकारबाहीहरू सम्पादन गर्दै आएको छ। विगत पाँच वर्षमा आयोगको स्वीकृत वार्षिक बजेट र खर्च विवरण देहायबमोजिम रहेको छः

*रु हजारमा*

| आ.व. | विनियोजित | | खर्च | |
|---|---|---|---|---|
| | चालु | पुँजीगत | चालु | पुँजीगत |
| २०८०/८१ | १,४०२,३१७.७४ | १२८,६००.०० | १,५३०,९१७.७४ | ११०,२४३.०० |
| २०७९/८० | १,१६८,७७४.०० | २४३,२००.०० | १,०५४,७६४.०० | १५४,२६८.०० |
| २०७८/७९ | ९८६,००२.५८ | २९०,९००.०० | ७३८,०७०.०० | १४३,३६९.०० |

| | | | | |
|---|---|---|---|---|
| २०७७/७८ | ९५०,५००.०० | ३७९,९००.०० | ५६०,५५३.०० | २६९,८४५.०० |
| २०७६/७७ | ९७७,५००.०० | ३६१,३००.०० | – | – |
| **जम्मा** | **५,४८५,०९४.३२** | **१,४०३,९००.००** | **३,८८४,३०४.७४** | **६७७,७२५.००** |

### १.१.५ पूर्वाधार व्यवस्था

आयोगको कार्य सञ्चालनका लागि केन्द्रीय कार्यालय भवनको अतिरिक्त मातहतका सबै कार्यालयहरूको आफ्नै जग्गा र भवनहरू रहेका छन्। साथै, इन्जिनियरिङ ल्याब, पोलिग्राफी टेस्ट ल्याब, इन्टेलिजेन्स उपकरणलगायत छानबिन र अनुसन्धान कार्यलाई प्रभावकारी बनाउने अन्य व्यवस्थाहरू गरिएको छ। सूचना प्रविधि पूर्वाधारतर्फ अनुसन्धान कार्यलाई थप प्रभावकारी बनाउन डिजिटल फरेन्सिक ल्याबको प्रयोग, अभिलेख व्यवस्थापनका लागि कम्प्युटर सर्भरको व्यवस्था तथा अफिस अटोमेसन सिस्टम र अन्य सफ्टवेयरहरू समेतको विकास गरिएको छ। यी प्रणाली र उपकरणहरूको प्रयोगबाट आयोगको कार्यसञ्चालन प्रणाली सूचना प्रविधिमैत्री हुँदै गएको छ।

### १.१.६ आयोगको कामसँग सम्बन्धित सरोकारवालाहरू

भ्रष्टाचार नियन्त्रण गर्ने कार्य आयोगको एकल प्रयासबाट मात्र सम्भव हुँदैन। सुशासन प्रवर्धन तथा भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुनको निर्माण एवम् परिमार्जन, भ्रष्टाचारजन्य कसुरको छानबिन/अनुसन्धान, प्रमाण सङ्कलन, अभियोजन, बहस पैरवी, नागरिक सचेतना अभिवृद्धिजस्ता कार्यहरूको लागि विभिन्न सरकारी/गैरसरकारी निकायहरूको आ-आफ्नो विशिष्ट भूमिका रहेको हुन्छ। भ्रष्टाचार नियन्त्रण गर्ने कार्यसँग सरोकार राख्ने विभिन्न सरोकारवालाहरू निम्नानुसार रहेका छन्:

(क) व्यवस्थापिका: प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रदेश सभा तथा विभिन्न संसदीय समितिहरू, गाउँ सभा र नगर सभा।

(ख) बहस पैरवी र न्याय निरुपण गर्ने निकायहरू: सर्वोच्च अदालत, विशेष अदालत, महान्यायाधिवक्ताको कार्यालय र विशेष सरकारी वकिलको कार्यालय।

(ग) अनुसन्धान गर्ने निकायहरू: राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक खरिद अनुगमन कार्यालय, नेपाल प्रहरी, आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, भन्सार विभाग, वैदेशिक रोजगार विभाग, जिल्ला प्रशासन कार्यालयहरू आदि।

(घ) सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित निकायहरू: महालेखापरीक्षकको कार्यालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैङ्क, महालेखा नियन्त्रकको कार्यालय, राष्ट्रिय बिमा प्राधिकरण बोर्ड आदि।

(ङ) तीनै तहका सरकार र मातहत निकायहरू।

(च) नागरिक समाज तथा गैरसरकारी संस्थाहरू: ट्रान्सपरेन्सी इन्टरनेसनल, भ्रष्टाचारविरूद्धको नागरिक निगरानी संस्था आदि।

(छ) आम सञ्चार क्षेत्र: पत्रपत्रिका, रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल आदि।

(ज) आम नागरिक: उजुरीकर्ता, सूचनादाता, सुशासनका अभियन्ताहरू आदि।

(झ) अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरू: संयुक्त राष्ट्रसङ्घीय लागु औषध तथा अपराध कार्यालय, ग्लोब नेटवर्क, विकास साझेदारहरू आदि।

## १.२ भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि

भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको नेपाल पक्ष राष्ट्र भएकाले भ्रष्टाचार नियन्त्रणका लागि नेपालको प्रतिबद्धता स्पष्ट देखिन्छ। यो महासन्धि कार्यान्वयन गर्ने मूल जिम्मेवारी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको रहेको छ। यसका लागि सो कार्यालयले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०६९ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

यस महासन्धिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दा एकातिर अन्तर्राष्ट्रियस्तरमा नेपालको भ्रष्टाचार नियन्त्रणप्रतिको प्रतिबद्धता पूरा हुने र अर्कोतिर भ्रष्टाचार न्यूनीकरण हुने भएकाले यसको कार्यान्वयनमा सघाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेत सक्रिय रहेको छ। यस महासन्धिसम्बन्धी नेपालको कार्यान्वयन कार्ययोजनाको अपेक्षित कार्यान्वयन हुन नसकेको गुनासो भने विद्यमान छ। यसको कार्यान्वयन स्थितिको विस्तृत पुनरावलोकन गरी उक्त योजनालाई अद्यावधिक गर्ने र त्यसलाई आयोगलगायत अन्य सम्बद्ध निकायहरूको सहकार्यमा प्रभावकारी कार्यान्वयन गर्न आवश्यक देखिन्छ।



## १.३ दक्षिण एसियाली राष्ट्रहरूमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी व्यवस्था

दक्षिण एसियाली राष्ट्रहरूमा भ्रष्टाचार नियन्त्रणका लागि गरिएका मुख्य व्यवस्थाहरू देहायबमोजिम रहेका छन्:

**(क) भारत:** लोकपाल तथा लोकायुक्त ऐन, २०१३ अनुसार लोकपाल र लोकायुक्तहरूले भ्रष्टाचारका मामिलाहरूको अनुसन्धान गरी मुद्दा चलाउने व्यवस्था छ। लोकपालले केन्द्रीय सरकारका प्रधानमन्त्री, मन्त्री, विधायक तथा सरकारी अधिकारीहरूलाई मुद्दा चलाउन सक्छ भने लोकायुक्तले राज्यस्तरमा सोही अनुसारका पदाधिकारीहरूलाई मुद्दा चलाउन सक्छ।

द सेन्ट्रल भिजिलेन्स कमिसन एक्ट, २००३ अनुसार सेन्ट्रल भिजिलेन्स कमिसनको व्यवस्था गरिएको छ। यसले भ्रष्टाचार नियन्त्रणका लागि सार्वजनिक पदाधिकारीहरू विरुद्धका उजुरीहरूको छानबिन गर्ने गराउने निकायको रुपमा काम गर्दछ। यस आयोगलाई मुद्दा दायर गर्ने अधिकार नभए पनि सम्बद्ध पदाधिकारीहरूलाई सतर्क गराउन सक्छ।

**(ख) बङ्गलादेशः** बङ्गलादेशमा भ्रष्टाचार नियन्त्रणका लागि एन्टी करप्सन कमिसन (एसिसी) रहेको छ जसले भ्रष्टाचारका मामिलाहरूको अनुसन्धान गर्ने, भ्रष्टाचारविरूद्ध जनचेतना अभिवृद्धि गर्ने र भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुन मस्यौदा गरी सरकारलाई सल्लाह दिने मुख्य काम गर्दछ। यस कमिसनका ६ वटा डिभिजनल एसिसी र २२ वटा डिस्ट्रिक्ट एसिसीको रूपमा महत्वपूर्ण संरचनाहरू छन् भने २७ हजारभन्दा बढी इन्टेग्रिटी युनिट पनि छन्। डिस्ट्रिक्ट एसिसीअन्तर्गत् जिल्ला, उपजिल्ला र ठूला सहरहरूमा भ्रष्टाचार नियन्त्रण समितिहरू गठन भएका छन्।

**(ग) पाकिस्तानः** पाकिस्तानमा गृह मन्त्रालयअन्तर्गत सन् १९७५ मा स्थापना भएको फेडेरल इन्भेस्टिगेसन अथोरिटीले भ्रष्टाचार, मानव बेचबिखन, सम्पत्ति शुद्धीकरण जस्ता मामिलाहरूको अनुसन्धान र छानबिन गर्ने गर्दछ। यसका एन्टी-करप्सन विङ, साइबर क्राइम विङ, ह्युमन ट्र्याफिकिङ एण्ड स्मगलिङ विङलगायत १२ वटा अङ्गहरू छन्।

**(घ) श्रीलङ्काः** श्रीलङ्कामा भ्रष्टाचार नियन्त्रणसम्बन्धी कार्यका लागि कमिसन टु इन्भेस्टिगेट एलिगेसन अफ ब्राइबरी अर करप्सन रहेको छ। यसले सांसद, मन्त्री तथा सबै उच्च पदाधिकारीविरुद्ध परेका उजुरीहरूको अनुसन्धान गरी आरोपपत्र दायर गर्न सक्छ। यस आयोगको मुख्य कामहरूमा भ्रष्टाचारका मामिला अनुसन्धान गर्ने, सम्पत्ति घोषणा गर्न लगाउने, भ्रष्टाचारविरूद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको प्रतिबद्धता पूरा गर्ने, भ्रष्टाचार नियन्त्रणसम्बन्धी सरकारी नीतिको अनुगमन तथा समीक्षा गर्ने आदि पर्दछन्।



**(ङ) माल्दिभ्सः** माल्दिभ्समा भ्रष्टाचार नियन्त्रणका लागि सन् २००८ मा एक स्वायत्त संस्थाको रूपमा एन्टी-करप्सन कमिसन स्थापना भएको छ। यसले भ्रष्टाचारका मामिलाहरूमा कानुनी कारबाही गर्ने, भ्रष्टाचारमुक्त प्रशासन सुनिश्चित गर्ने, भ्रष्टाचारबाट बच्न पाउने नागरिकको अधिकार बचाउ गर्ने, भ्रष्टाचार नियन्त्रणका प्रयासहरूलाई संयोजन गर्ने, समाजमा सदाचार संस्कृति अभिवृद्धि गर्ने जस्ता कार्यहरू गर्दछ। यस कमिसनको कार्य सञ्चालनका लागि मुख्य कानुनी आधार एन्टी-करप्सन एक्ट, २००८ र प्रिभेन्सन एण्ड प्रोहिबिसन अफ करप्सन एक्ट, २००० रहेका छन्।

**(च) भुटानः** भुटानमा एन्टी-करप्सन कमिसन, २०११ अनुसार एन्टी-करप्सन कमिसन नामक संस्था स्थापना गरिएको छ। भुटानले भ्रष्टाचारविरूद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिमा सन्

२००५ मा हस्ताक्षर गरेको थियो। त्यस्तै सन् २००९ मा नेसनल एन्टी-करप्सन स्ट्राटेजी पनि तर्जुमा भएको थियो।

## १.४ भ्रष्टाचार र यसको नियन्त्रणमा नेपालको तुलनात्मक स्थान

नेपालमा भ्रष्टाचार र यसको नियन्त्रणको अवस्था स्वदेश र विदेशमा भएका विभिन्न अध्ययन/सर्वेक्षणबाट प्राप्त नतिजाबाट बुझ्ने गरिएको छ। यसमध्ये ट्रान्सपरेन्सी इन्टरनेसनल र विश्व बैङ्कबाट प्रत्येक वर्ष विश्वव्यापी सर्वेक्षण भई त्यसको आधारमा भ्रष्टाचार नियन्त्रणका कार्यमा विभिन्न राष्ट्रहरूको प्राप्ताङ्क र स्थान-क्रम प्रकाशित हुने गरेका छन्। यस बाहेक विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूको वार्षिक सर्वेक्षणको आधारमा सार्वजनिक हुने पारदर्शिता, कानुनको शासन, जवाफदेहिताजस्ता विषयमा विश्वका राष्ट्रहरूको प्राप्ताङ्क एवम् स्थान पनि प्रयोग हुने गरेका छन्। विगत दश वर्षमा (सन् २०१४ देखि २०२४ सम्म) ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचार अनुभूति सूचकाङ्कमा नेपालको अङ्कमा सामान्य सुधार हुँदै कूल १०० अङ्कमा २७ देखि ३५ सम्म अङ्क प्राप्त गरेको देखिन्छ। यसै अवधिमा विश्वका १८० राष्ट्रहरूको सूचीमा नेपालको स्थान सन् २०१४ मा २९ अङ्कसहित १२६ औं रहेकोमा सन् २०२४ सम्म आइपुग्दा सुधार भई ३४ अङ्कसहित १०७ औं स्थानमा रहेको छ।

## १.५ चौथो रणनीतिक योजनाको समीक्षा र पाँचौ रणनीतिक योजनाको आवश्यकता

### १.५.१ चौथो रणनीतिक योजना (२०७६/७७-२०८०/८१) को समीक्षा

आयोगले आफ्नो संवैधानिक दायित्व निर्वाह गर्ने सिलसिलामा वि.सं. २०५९ देखि रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्न थालेको हो। चौथो रणनीतिक योजना कार्यान्वयनको मध्यावधि मूल्याङ्कनको मुख्य निष्कर्षले रणनीतिक योजना कार्यान्वयनको स्थिति सन्तोषजनक रहेको दर्शाएको थियो। मध्यावधि मूल्याङ्कन प्रतिवेदनको विस्तृत अध्ययन तथा विभिन्न तथ्याङ्कको विश्लेषणको आधारमा समेत सो रणनीतिक योजनाको कार्यान्वयन स्थिति समग्रमा सन्तोषजनक रहेको पाइएको छ।

चौथो रणनीतिक योजनाअन्तर्गत रहेका उपचारात्मक, निरोधात्मक, प्रवर्धनात्मक र संस्थागत क्षमता विकास गरी चार रणनीतिहरूको कार्यान्वयनका सन्दर्भमा निम्नानुसारको प्रगति स्थिति देखिएको छः

**रणनीति १ः** भ्रष्टाचारजन्य कार्यको पहिचान, अनुसन्धान र अभियोजन प्रभावकारी रुपमा गर्ने रणनीति र सोअन्तर्गत आधुनिक प्रविधिको उपयोगबाट अनुसन्धान र अभियोजन पद्धतिलाई वस्तुनिष्ठ र विश्वसनीय बनाउने; भ्रष्टाचार निगरानी प्रणालीको विकास गरी अनुसन्धान एवम् निगरानी गर्ने; भ्रष्टाचारसँग सम्बन्धित सबै किसिमका सूचना व्यवस्थापन तथा इन्टलिजेन्स

संयन्त्र सुदृढ गर्ने र भ्रष्टाचारसम्बन्धी मामिलाहरूको प्राथमिकीकरण गरी अनुसन्धान र अभियोजन गर्ने चार वटा नीतिहरू लिइएको थियो।

यो रणनीति कार्यान्वयनको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। यस कार्यविधिमा आयोगमा दर्ता हुने उजुरीहरूको परीक्षण गरी सिफारिस गर्न उजुरी परीक्षण (स्क्रिनिङ) समिति र अनुसन्धान तथा अभियोजनलाई प्रभावकारी र व्यवस्थित बनाउन पूर्णता परीक्षण तथा सिफारिस समितिको व्यवस्था गरिएको छ। यसमा उजुरीको प्रारम्भिक छानबिन र विस्तृत अनुसन्धानमा अवलम्बन गरिने प्रक्रियाका सम्बन्धमा स्पष्ट उल्लेख गरिएको छ। तर, आयोगको अनुसन्धान, तहकिकात, अभियोजन तथा अभिलेख व्यवस्थापन कार्यलाई थप व्यवस्थित बनाउन आयोगबाट गरिने स्टिङ अपरेसन, सर्जमिन/मुचुल्का, प्राविधिक प्रतिवेदन, पोलिग्राफ परीक्षणजस्ता विषयमा छुट्टाछुट्टै कार्यविधिको आवश्यकता महसुस भएको छ। साथै, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन परिमार्जनमा तीव्रता दिनुपर्ने देखिएको छ।

आयोगको कार्यसम्पादनमा सूचना प्रविधिको प्रयोगलाई थप विस्तार गरिएको छ। आयोगमा उजुरीहरूको छानबिन एवम् अनुसन्धानसम्बन्धी प्रमाण कागजहरूलाई स्क्यानिङ गरी भण्डारण गर्ने र त्यसलाई आवश्यकतानुसार प्रमाणको रुपमा भविष्यसम्म प्रयोग गर्ने व्यवस्था मिलाइएको छ। उजुरी सङ्कलन, सूचना प्राप्ति र अनुसन्धान प्रक्रियामा सूचना प्रविधिको प्रयोगमा अभिवृद्धि गरिएको छ, साथै मातहतका कार्यालयहरू बिच सूचना आदानप्रदानका लागि सूचना सञ्जालको विकास र प्रयोग गरिएको छ। यस अवधिमा आयोगले विद्युतीय प्रणालीको अवलम्बन गरेपश्चात् उजुरीको सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको छ। छानबिन तथा अनुसन्धानसम्बन्धी कागजात र प्रमाणको सुरक्षा तथा अभिलेखीकरणको लागि विद्युतीय सूचना प्रणाली अवलम्बन गरिएको छ। आयोगको कार्यसम्पादनलाई थप व्यवस्थित तुल्याउन अफिस अटोमेसन सिस्टम विकास गरी प्रयोगमा ल्याइएको छ। तर, भ्रष्टाचारको बदलिँदो स्वरुप र शैलीलाई दृष्टिगत गरी त्यसलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय स्तरमा प्रयोगमा ल्याइएका उपकरण, विधि एवम् पद्धतिको थप प्रयोगका लागि आवश्यक व्यवस्था गर्नुपर्ने देखिन्छ।

योजना अवधिमा दर्ता हुन आएका १,३६,३५९ (अघिल्लो आर्थिक वर्षबाट सरी आएकासमेत) उजुरीमध्ये स्क्रिनिङ र प्रारम्भिक छानबिनबाट ९५,१६४ वटा र विस्तृत अनुसन्धानबाट ३,९२४ वटा उजुरीहरू फछ्र्यौट गरिएको छ। विस्तृत अनुसन्धानबाट फछ्र्यौट भएका उजुरीहरूमध्ये विशेष अदालतमा जम्मा १०४८ वटा मुद्दा दायर गरिएको छ भने ४४८ वटा उजुरीहरू सुझावसहित तामेलीमा राखिएको, ४२ वटा आवश्यक

कारबाहीका लागि लेखी पठाएर तामेलीमा राखिएको, २,३१८ वटा तामेलीमा राखिएको र ६८ वटा उजुरीहरू मुल्तबीमा राखिएको छ।

यस अवधिमा उजुरीको सरदर फछ्यौंट दर ६९.७९ प्रतिशत रहेको छ। यस रणनीतिक योजनाको पहिलो वर्ष (आ.व. २०७६/७७) मा त्यस्तो फछ्यौंट दर ६७.४ प्रतिशत भएकोमा अन्तिम वर्ष (आ.व. २०८०/८१) मा ७६.५९% पुगेको छ। दायर गरिएका मुद्दाहरूको सफलता दर आ.व. २०७६/७७ मा ८४.७७ प्रतिशत रहेकोमा आ.व. २०८०/८१ मा ६५.२४ प्रतिशत पुगेको छ। यसरी योजना अवधिमा उजुरीको फछ्यौंट दरमा सुधार भएको भए पनि दायर गरिएका मुद्दाको सफलता दरमा घटबढ हुने क्रम चलिरहेको हुँदा सुधार गर्न आवश्यक देखिएको छ।

**रणनीति २:** कानुनी र सङ्गठनात्मक संरचनाको सुदृढीकरण एवम् परिचालन गर्दै सम्बद्ध पक्षहरूलाई भ्रष्टाचार नियन्त्रणमा जिम्मेवार बनाउने रणनीति र उक्त रणनीतिअन्तर्गत नीतिगत तथा संस्थागत भ्रष्टाचार न्यूनीकरण गर्न विभिन्न निकायहरूसँग समन्वय, साझेदारी तथा सहकार्य गर्ने; सार्वजनिक निकायहरूलाई भ्रष्टाचारविरुद्ध उत्तरदायी बनाउँदै सशक्तीकरण गर्ने; भ्रष्टाचार निवारणसम्बन्धी विषयमा नवीनतम खोज, अध्ययन, अनुसन्धान गर्ने र भ्रष्टाचारविरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय एवम् सञ्जालीकरण गर्ने गरी चार वटा नीतिहरू लिइएको थियो।

यस रणनीतिअन्तर्गत योजना अवधिमा आयोगले आ.व. २०७९/८० मा दुई पटक र आ.व. २०८०/८१ मा तीन पटक समेत सङ्घीय संसदका विभिन्न समितिहरूको बैठकमा भाग लिई भ्रष्टाचार नियन्त्रण ऐन र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनमा परिमार्जनका लागि पहल गरेको थियो। त्यसैगरी, यस अवधिमा सार्वजनिक सेवा प्रवाह र विकास निर्माण कार्यको विद्यमान अवस्था र गुणस्तर कायम गर्ने सम्बन्धमा तीनै तहका विभिन्न पदाधिकारीहरूसँग विभिन्न मितिमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी उठेका सवालहरूको आधारमा आयोगले विभिन्न २१८ वटा सुझावहरू दिएको छ। साथै, आयोगले यस अवधिमा सुशासन प्रवर्धन एवम् भ्रष्टाचार नियन्त्रणका लागि वार्षिक प्रतिवेदनमार्फत् सरकारी/सार्वजनिक निकायहरूलाई विभिन्न १०५८ वटा सुझावहरू प्रदान गरेको छ। यसैगरी, उजुरीहरूको छानबिन/अनुसन्धानबाट देखिएका तथ्यहरूको आधारमा समेत आयोगले सम्बन्धित निकायहरूलाई विभिन्न सुझावहरू दिएको छ। तर, आयोगले दिएका यी सुझावहरूको कार्यान्वयनको अवस्थाको सम्बन्धमा अनुगमन गर्ने संयन्त्रलाई प्रभावकारी बनाउनुपर्ने देखिएको छ।

भ्रष्टाचारविरुद्ध नागरिकको सहभागिता अभिवृद्धि गर्नका लागि आ.व. २०७५/७६ देखि सुरु गरिएको नागरिक निगरानी संस्था गठन गर्ने कार्यलाई १९ वटा जिल्लामा विस्तार गरिएको छ।

**रणनीति ३:** सरोकारवाला पक्षहरूका बिचमा सचेतना, समन्वय, सञ्जाल तथा ऐक्यबद्धता अभिवृद्धि गर्ने रणनीति र उक्त रणनीतिअन्तर्गत भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्ने एवम् भ्रष्टाचारविरुद्ध शासनका विभिन्न पक्षको सहभागिता र प्रतिबद्धता अभिवृद्धि गर्नेलगायतका नीतिहरू लिइएको थियो।

यस रणनीतिको कार्यान्वयनको क्रममा योजना अवधिमा मुलुकभरीमा जम्मा २८२ वटा कार्यक्रममार्फत् २६,४११ जना माध्यमिक तहका विद्यार्थीहरूलाई सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ। त्यसैगरी, योजना अवधिमा मुलुकभरीमा जम्मा ५०२ कार्यक्रममार्फत् ५०,१६४ जना जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरूसँग सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अन्तरक्रिया गरिएको छ। उल्लिखित कार्यक्रमहरूले जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरूमा भ्रष्टाचार निवारणसम्बन्धी सचेतना अभिवृद्धि र उत्तरदायित्व प्रवर्धनमा सकारात्मक भूमिका खेलेको देखिन्छ।

सुशासन स्थापना तथा भ्रष्टाचार नियन्त्रणमा नागरिक समाज, गैरसरकारी तथा सामुदायिक संस्थाहरू जस्ता सार्वजनिक क्षेत्र बाहिरका व्यक्ति र समूहसँगको सहकार्य वृद्धि गर्दै लगिएको छ। भ्रष्टाचारविरुद्ध विभिन्न श्रव्य-दृश्य र पाठ्यसामग्री तयार गरी विभिन्न सञ्चारमाध्यममार्फत् प्रकाशन/प्रसारणको व्यवस्था मिलाइएको छ। साथै, विभिन्न सञ्चारमाध्यममार्फत् आयोगको कामकारबाही र सचेतनामूलक सामग्री प्रचारप्रसार गर्ने गरिएको छ। योजना अवधिमा नेपाल टेलिभिजनसँगको सहकार्यमा २३५ भाग "सुशासन सवाल" कार्यक्रम प्रसारण गरिएको छ।



**रणनीति ४:** आयोगको संस्थागत सुशासनको सुदृढीकरण र क्षमता अभिवृद्धि गर्ने रणनीति तथा उक्त रणनीतिअन्तर्गत आयोगको सङ्गठनात्मक संरचना, विधि, पद्धति, स्रोत साधनसहित संस्थागत क्षमता सुदृढ गर्नेलगायतका रणनीति लिइएको थियो।

यो रणनीतिअन्तर्गत योजना अवधिमा आयोगले सूचना प्रविधिको प्रयोगमा विस्तार गरी आयोग र आयोगका कार्यालयमा लेस पेपर गभर्नेन्सलाई क्रमशः लागू गरेको छ। डिजिटल डिस्प्ले, विद्युतीय हाजिरी, सिसी क्यामेरा, डिजिटल सर्भिलेन्स इन्स्ट्रुमेन्ट आदिको प्रयोगमा वृद्धि गरिएको छ। आयोगमा सञ्चालनमा रहेको ओएएस प्रणालीमा कर्मचारीको हाजिरी, प्रारम्भिक छानबिन, विस्तृत अनुसन्धान, टेलिफोन डाइरेक्टरी, फाइल सेयरिङलगायतका

सेवाहरूलाई एकीकृत गरिएको छ। तथापि ओएएस प्रणालीमार्फत् डुप्लिकेट उजुरी चेक, फायल ट्रयाकिङ्, अन्य निकायहरूसँग डकुमेन्ट सेयरिङलगायतको कार्यहरू थप गर्दै लैजानुपर्ने अवस्था रहेको छ।

यस अवधिमा आयोगको जनशक्तिलाई थप क्षमतायुक्त बनाउने क्रममा जम्मा २३ वटा अभिमुखीकरण तालिम कार्यक्रमहरू सञ्चालन गरी ६८९ जना अधिकृत कर्मचारीलाई अभिमुखीकरण तालिम प्रदान गरिएको छ। साथै, २६४ जना कर्मचारीहरूलाई वैदेशिक तालिम प्रदान गरिएको छ। नवीनतम् स्वरूप र शैलीमा हुने भ्रष्टाचारजन्य कसुरहरूको अनुसन्धानका लागि दक्ष जनशक्ति सुनिश्चित गर्न सार्वजनिक खरिद, भूमि, सर्जमिन/मुचुल्का लेखन, स्टिङ अपरेसन, प्राविधिक प्रतिवेदन तयारी, पोलिग्राफ परीक्षणलगायतका विषयमा थप विशिष्टकृत तालिम सञ्चालन गर्न आवश्यक देखिएको छ।

आयोगको भौतिक पूर्वाधारमा सुधार गर्ने क्रममा यस अवधिमा आयोगका सबै मातहत कार्यालयका प्रशासनिक तथा आवासीय भवनहरूको निर्माण कार्य सम्पन्न गरिएको छ। आयोगको आफ्नो छुट्टै फरेन्सिक ल्याब र पोलिग्राफ ल्याब सञ्चालनमा ल्याइएको छ। उल्लिखित ल्याबहरूको प्रभावकारिता अभिवृद्धिको लागि उपकरण, सफ्टवेयर र प्राविधिक जनशक्तिको थप व्यवस्थापन गर्नुपर्ने अवस्था देखिन्छ। साथै, मातहत कार्यालयहरूमा ल्याबका युनिट स्थापना गर्नुपर्ने अवस्था रहेको छ।

भ्रष्टाचारको बदलिँदो स्वरुप र शैलीलाई सम्बोधन गर्न सक्षमता अभिवृद्धि हुने गरी आयोगको सङ्गठन संरचनालाई कार्य एकाइहरूमा आधारित मिश्रित (म्याट्रिक्स) किसिमको बनाउन आवश्यक देखिन्छ भने कर्मचारीको स्थायित्वद्वारा संस्थागत स्मरण सुनिश्चित गर्न तथा अनुसन्धानसम्बन्धी विशिष्टीकृत दक्षतायुक्त कर्मचारीहरूको निरन्तरताका लागि कमिसन क्याडर प्रणाली वा अन्य उपयुक्त जनशक्ति व्यवस्थापन प्रणाली निर्माण गर्न आवश्यक देखिएको छ।



### १.५.२ विद्यमान मुख्य मुख्य समस्याहरू:

सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रणमा देखापरेका मुख्य समस्याहरू निम्नानुसार रहेका छन्:

(क) उपचारात्मक विधिबाट मात्रै भ्रष्टाचार नियन्त्रण भई सुशासन प्राप्त हुन्छ र भ्रष्टाचार नियन्त्रणको कार्य आयोगको मात्रै हो भन्ने धारणा राजनीतिक, प्रशासनिक र जनस्तरमा समेत व्याप्त रहनु।

(ख) सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रणका लागि गर्नुपर्ने निरोधात्मक तथा प्रवर्धनात्मक कार्यहरूप्रति राज्य संयन्त्रको क्रियाशीलता कम रहनु।

(ग) नीतिगत निर्णयको स्पष्ट कानुनी परिभाषाको अभाव रहनु।

(घ) भ्रष्टाचारका मुद्दा तथा मामिलाहरू राजनीतिक प्रभाव र हस्तक्षेपबाट पूर्ण रुपमा मुक्त हुन नसक्नु।

(ङ) सेवाप्रवाह, विकास निर्माण तथा बढी आर्थिक क्रियाकलाप हुने निकायहरूमा सघन निगरानी प्रणाली विकास गर्न नसकिनु।

(च) पारस्परिक कानुनी सहायता ऐनबमोजिम विभिन्न मुलुकहरूसँग गरिनुपर्ने द्विपक्षीय सम्झौता हुन नसक्दा मुलुकबाहिरका भ्रष्टाचारसम्बन्धी सूचना तथा जानकारी प्राप्त गर्नमा कठिनाइ हुनु।

(छ) सबै सार्वजनिक निकायको सूचना तथा जानकारी एक अर्कामा आदानप्रदान गर्ने स्वचालित प्रणालीको अभाव रहनु। छानबिन/अनुसन्धानको लागि आवश्यक जानकारी/सूचना प्राप्त गर्न सक्ने गरी वित्तीय संस्थाहरूको सूचना प्रणालीमाथि आयोगको पहुँच कायम गर्न नसकिनु।

(ज) आयोगको कार्यबोझअनुसार यसको सङ्गठन संरचना, जनशक्ति व्यवस्थापन, प्रविधि, कानुनी आधार बदलिँदो परिवेशमा उपयुक्त र पर्याप्त हुन नसक्नु।

(झ) भ्रष्टाचार र भ्रष्टाचारीहरूप्रति शून्य सहनशीलता अवलम्बन गर्ने सामाजिक संस्कृति विकास गर्न नसकिनु।

(ञ) भ्रष्टाचार नियन्त्रणको लागि राज्यका सबै निकायहरूले समन्वयात्मक रूपमा कार्य गर्न नसक्नु।

(ट) भ्रष्टाचारको स्वरूप र शैलीमा परिवर्तन हुनु।

### १.५.३ नेपालमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी प्रयास

नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न तहबाट भएका केही उल्लेखनीय प्रयासहरू देहायबमोजिम रहेका छन्ः

(क) भ्रष्टाचारजन्य क्रियाकलापको निष्पक्ष र स्वतन्त्र छानबिन/अनुसन्धानका लागि संवैधानिक निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरिएको छ। भ्रष्टाचार नियन्त्रणका लागि काम गर्न आयोगका अतिरिक्त राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभागजस्ता अनुसन्धानकारी निकायहरू स्थापना गरिएका छन्।

(ख) भ्रष्टाचार नियन्त्रण गर्नका लागि विभिन्न कानुनी व्यवस्था गरिएको छ। मुख्यतः अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र भ्रष्टाचार निवारण ऐन, २०५९ लगायतका कानुनहरू कार्यन्वयनमा छन्।

(ग) तीनै तहका विधायिकी निकायहरू सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा क्रियाशील रहेका छन्।

(घ) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलगायतका कार्यकारी निकायहरूबाट सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रणका लागि आवश्यक पहल भइरहेको छ।

(ङ) भ्रष्टाचारजन्य कसुरहरूको सम्बन्धमा उजुरी दिने प्रक्रिया र माध्यमलाई सरल, व्यापक र सहज बनाइएको छ। उजुरीको छानबिन/अनुसन्धानमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिएको छ।

(च) भ्रष्टाचार नियन्त्रणका लागि रणनीतिक रूपमा उपचारात्मक, निरोधात्मक तथा प्रवर्धनात्मक उपायहरूको अवलम्बन गर्ने गरिएको छ।

(छ) सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रणका लागि सार्वजनिक निकाय, नागरिक समाज, सञ्चारजगत् लगायतका सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्ने नीति अवलम्बन गरिएको छ।

### १.५.४ भ्रष्टाचारको बदलिँदो स्वरूप र शैली

भ्रष्टाचारको स्वरूप र शैलीमा निरन्तर परिवर्तन भइरहेको देखिन्छ। भ्रष्टाचारका केही नवीनतम स्वरूप र शैलीहरू देहायबमोजिम रहेका छन्:

१. नीति र कानुन निर्माणकै क्रममा गलत मनसायले छिद्रसहितका प्रावधानहरू राख्ने वा राख्न लगाउने प्रवृत्तिमा वृद्धि।

२. व्यक्तिगत फाइदाका लागि विभिन्न तरिकाले सार्वजनिक सम्पत्तिमा गैर-कानुनी रूपमा अधिकार स्थापित गर्नेजस्ता प्रवृत्तिहरूमा वृद्धि।

३. अवैध ढङ्गले आर्जित सम्पत्तिको शुद्धीकरण गर्ने प्रवृत्तिमा वृद्धि।

४. राजस्व प्रशासन, जग्गा प्रशासन, राहदानी वितरण, सवारी चालक अनुमतिपत्र जारी गर्नेजस्ता कार्यहरूमा देखिने गरेको भ्रष्टाचारका प्रवृत्ति शिक्षा, स्वास्थ्यजस्ता क्षेत्रहरूमा पनि विस्तार।

५. प्रभावशाली पदाधिकारीहरूबाट व्यवसायी तथा बिचौलियाहरूसँगको मिलेमतोमा सङ्गठित अपराधको रूपमा भ्रष्टाचार गर्ने प्रवृत्तिमा वृद्धि।

६. राज्यका सबै अङ्गहरूबाट हुने सेवा प्रवाहमा बिचौलियाको प्रभाव वृद्धि।

७. देशबाहिर रहेर पनि विभिन्न भ्रष्टाचारजन्य कार्यहरू गर्ने प्रवृत्तिमा वृद्धिः भ्रष्टाचारबाट आर्जित सम्पत्ति देशबाहिर राख्ने, घुस कमिसन रकम देशबाहिर नै सङ्कलन गर्ने र देशबाहिर नै सम्पत्ति, घरजग्गाहरूमा लगानी गर्नेजस्ता प्रवृत्ति।

८. भ्रष्टाचारमा उच्चपदस्थ व्यक्तिहरूको संलग्नमा वृद्धि।

९. प्रदेश र स्थानीय तहमा स्रोतको विनियोजनमा वृद्धि हुँदै जाँदा सोही अनुपातमा भ्रष्टाचारमा समेत वृद्धि।

### १.५.५ विगतका अनुभव र सिकाइ

सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रणको क्रममा विगतमा हासिल गरिएका अनुभवहरूबाट देहायका बुझाइ र सिकाइ हासिल भएका छन्ः

(क) आयोगका चारवटा रणनीतिक योजनाहरूको कार्यान्वयनको स्थिति र उपलब्धिको समीक्षा गर्दा आयोगले पाँचौं रणनीतिक योजना तर्जुमा गरी यस्ता योजनाको अभ्यासलाई निरन्तरता दिनुपर्ने आवश्यकता देखिएको छ।

(ख) आयोगमा प्रत्येक वर्ष बढ्दो क्रममा रहेको उजुरीको सङ्ख्या र उजुरी फर्छ्यौटका लागि लाग्ने गरेको समयसमेतलाई दृष्टिगत गरी हालको उजुरी प्राप्ति र त्यसको व्यवस्थापनसम्बन्धी अभ्यास र कार्यविधिमा आवश्यक सुधार गर्नुपर्ने देखिएको छ।

(ग) भ्रष्टाचारजन्य कार्यहरू विभिन्न तहमा वृद्धि हुँदै गएका छन्। भ्रष्टाचारको स्वरूप र शैलीमा आएको परिवर्तनसँगै भ्रष्टाचार नियन्त्रणसम्बन्धी रणनीति र कार्यनीतिमा परिमार्जन आवश्यक देखिएको छ।

(घ) आयोगले आफ्नो संस्थागत भूमिका बढी सशक्त र थप प्रभावकारी रूपमा निर्वाह गर्नको लागि भ्रष्टाचारजन्य कार्यहरूको गहन अनुसन्धान र बलियो अभियोजनजस्ता उपचारात्मक कामलाई केन्द्रमा राख्ने कार्यलाई निरन्तरता दिनुपर्ने हुन्छ।

(ङ) उपचारात्मक कार्यहरूको अतिरिक्त आफ्नो संस्थागत उपस्थिति र प्रभावकारिता वृद्धिको लागि निरोधात्मक र प्रवर्धनात्मक कार्यहरूलाई सन्तुलित रूपमा आवश्यक सुधारसहित निरन्तरता दिनुपर्ने हुन्छ।

(च) अनुसन्धान र अभियोजनअनुसार नै अदालतमा मुद्दा बहस पैरवी हुनुपर्ने भएकाले सो कार्यहरू बिच प्रभावकारी सामञ्जस्यता सुनिश्चित गर्न आयोग र विशेष सरकारी वकिल कार्यालयबिच कार्यगत समन्वय गर्ने विधि वा संयन्त्र बनाउनुपर्ने देखिएको छ।

(छ) आयोगको कार्यबोझ, सङ्गठन संरचना, जनशक्ति, कानुनी प्रावधान, प्रविधि र साधन स्रोतबिच सामञ्जस्यता तथा सन्तुलन आवश्यक देखिएको छ।

उल्लिखित सिकाइहरूलाई यो रणनीतिक योजना तयार गर्दा ध्यानमा राखिएको छ।

### १.५.६ पाँचौं रणनीतिक योजनाको आवश्यकता

आयोगको चौथो रणनीतिक योजनाको कार्यान्वयन गत आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न भएको छ। रणनीतिक योजनाको अभ्यासलाई निरन्तरता दिँदै पाँचौं रणनीतिक योजनाको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नाका कारणहरू देहायबमोजिम रहेका छन्ः

(क) आयोगको संवैधानिक भूमिका, कानुनी व्यवस्था र वर्तमान कार्यको समीक्षा गरी आफ्नो संस्थागत भूमिका निर्वाहमा बढी प्रभावकारिता ल्याउने रणनीतिक आधार तयार गर्ने।

(ख) आयोगको संस्थागत क्षमता विश्लेषण गरी समकालीन चुनौतीको पहिचानसहित आयोगलाई थप प्रभावकारी बनाउन उपयुक्त रणनीति तथा कार्यनीति तर्जुमा गर्ने।

(ग) भ्रष्टाचारको स्वरूप र शैलीमा भइरहेको परिवर्तन, भ्रष्टाचार नियन्त्रणका लागि अवलम्बन गरिएका नवीनतम अन्तर्राष्ट्रिय असल अभ्यास, परिवर्तित शासकीय मान्यता, नागरिक अपेक्षा तथा नवीनतम आधुनिक प्रविधिको उपयोगको परिप्रेक्ष्यमा भ्रष्टाचारविरुद्ध उपयुक्त रणनीति तय गर्ने।

(घ) विद्यमान कानुनी तथा प्रक्रियागत अस्पष्टताको निदान गरी आयोगको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउने विधि र आधार तयार गर्ने।

(ङ) आयोगप्रतिको नागरिक विश्वासलाई कायम राख्दै भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रवर्धनमा जनचेतना र नागरिक समाजको सहकार्य अभिवृद्धि गर्ने आधार विस्तार गर्ने।

(च) परिवर्तित सन्दर्भ र आयोगको कार्यबोझलाई सम्बोधन गर्न उपयुक्त सङ्गठन संरचनाको निर्माण र जनशक्ति व्यवस्थापन पद्धति स्थापना गर्ने।

(छ) अनसन्धानको विशिष्टीकृत ज्ञान र सीपयुक्त जनशक्तिको विकास एवम् सूचना प्रविधिको अधिकतम उपयोग गरी छानबिन/अनुसन्धानको समयावधि घटाउन र गुणस्तर वृद्धि गर्ने।

### १.५.७ रणनीतिक योजना तर्जुमा विधि



यस रणनीतिक योजना तर्जुमा गर्दा अपनाइएको विधि निम्नानुसार रहेको छः

(क) आयोगको कार्यक्षेत्र, भूमिका र जिम्मेवारीसम्बन्धी संवैधानिक व्यवस्था, कानुनी व्यवस्था तथा नीतिगत एवम् सङ्गठनात्मक व्यवस्थाको अतिरिक्त भ्रष्टाचार नियन्त्रणसम्बन्धी अन्य व्यवस्थाहरूको अध्ययन विश्लेषण गरिएको।

(ख) आयोगमा रणनीतिक योजनाको अभ्यास एवम् चालु रणनीतिक योजनाको कार्यान्वयन समीक्षा गरिएको।

(ग) आयोगका वर्तमान संस्थागत क्रियाकलापहरूको समीक्षा गरिएको। नेपालमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी प्रयास र समस्याहरूको समीक्षा, भ्रष्टाचारका स्वरूप र शैलीका सम्बन्धमा देखिएका परिवर्तन एवम् प्रवृत्तिहरू पहिचान गरिएको।

(घ) भ्रष्टाचार नियन्त्रणसम्बन्धी केही अन्तर्राष्ट्रिय असल अभ्यासको अध्ययन तथा विश्लेषण गरिएको।

(ङ) आयोगका प्रमुख आयुक्त, आयुक्तहरू र अन्य उच्च पदस्थ कर्मचारीहरूसँग विगतका रणनीतिक योजनाहरूको समीक्षा एवम् आयोगको भावी रणनीतिका सम्बन्धमा छलफल र अन्तरक्रिया गरी राय सुझाव सङ्कलन गरिएको।

(च) अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्व प्रमुख आयुक्त तथा आयुक्त, नेपाल सरकारका मुख्य सचिव तथा नागरिक समाजका प्रतिनिधिहरू एवम् विज्ञहरूसँग छलफल गरी नेपालमा भ्रष्टाचार र आयोगको भूमिकाका सम्बन्धमा विचार र सुझाव सङ्कलन गरिएको। आयोगको वर्तमान आन्तरिक एवम् बाह्य स्थितिको विश्लेषण गरिएको।

(छ) देशमा रहेको भ्रष्टाचारसम्बन्धी चुनौती तथा आयोगको वर्तमान स्थितिको विश्लेषणका आधारमा आयोगको आगामी रणनीतिले सम्बोधन गर्नुपर्ने रणनीतिक सवालहरू पहिचान गरिएको।

(ज) आयोगले लिनुपर्ने उपयुक्त रणनीतिक दिशाको आधारमा रणनीतिक योजना तर्जुमा गरिएको।

# परिच्छेद २

# रणनीतिक विश्लेषण मार्गदर्शन

## २.१. आयोगको संस्थागत स्थिति विश्लेषण

आयोगको पाँचौ रणनीतिक योजना तर्जुमा गर्ने सिलसिलामा यसको संस्थागत इतिहास, संवैधानिक भूमिका, सङ्गठनात्मक संरचना र व्यवस्थापन, सम्पादन गरेका क्रियाकलापबाट प्राप्त उपलब्धि र आर्जन गरेको जनछविको अतिरिक्त देशको सार्वजनिक क्षेत्रमा रहेको भ्रष्टाचारको अवस्थालाई समेत मध्यनजर गरिएको छ। वर्तमान परिप्रेक्ष्यमा आयोगको सबल पक्ष, दुर्बल पक्ष, चुनौती एवम् अवसरहरूको पहिचानमार्फत् संस्थागत स्थितिको विश्लेषण गरिएको छ।

### सबल पक्षः

नेपालको संविधानले नै आयोगको काम, कर्तव्य र अधिकार तोकेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन र भ्रष्टाचार निवारण ऐनजस्ता विधायिकी कानुनहरूद्वारा नै आयोगको कामकारबाहीहरू व्यवस्थित गरिएको छ। आयोगको कामकारबाहीलाई थप व्यवस्थित बनाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। उपचारात्मक, निरोधात्मक, प्रवर्धनात्मक उपायहरूको अवलम्बन र संस्थागत सुदृढीकरणको माध्यमद्वारा सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रण गर्न आयोगले हालसम्म चार वटा रणनीतिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। आयोगमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरूको पेसागत आचरण र सदाचारलाई मर्यादित बनाउन "आयोगका पदाधिकारी तथा कर्मचारीहरूको आचार संहिता, २०७६" तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। आयोगमा दर्ता हुने उजुरीको परीक्षणका लागि उजुरी परीक्षण (स्क्रिनिङ) समिति र उजुरीको अनुसन्धान र अभियोजनलाई प्रभावकारी र व्यवस्थित बनाउन पूर्णता परीक्षण तथा सिफारिस समितिको व्यवस्था गरिएको छ।

भ्रष्टाचारजन्य कार्यविरुद्ध सचेतना अभिवृद्धिका लागि आयोगले आफ्नो संस्थागत सक्रियता बढाएको छ। विगत ५ वर्षमा आयोगले मुलुकभरका विद्यालयहरूमा २६,४११ जना विद्यार्थीहरू सहभागी भएका २८२ वटा सामुदायिक विद्यालय शिक्षा कार्यक्रमहरू सञ्चालन गरेको छ भने ५०,१६४ जना सार्वजनिक पदाधिकारी, कर्मचारी र सरोकारवाला सहभागी भएका ५०२ वटा प्रदेश/जिल्ला/पालिकास्तरीय अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरेको छ।

आयोग र अन्तर्गत कार्यालयहरूमा विभिन्न सेवा, समूहका गरी जम्मा ९९० कर्मचारीहरू कार्यरत छन्। साथै, आयोगले आफ्नो कार्यसम्पादनमा सहयोग पुऱ्याउन सम्बन्धित विशेषज्ञबाट सेवा लिन सक्ने व्यवस्था रहेको छ। आयोगको जनशक्तिको क्षमता विकासका लागि विगत ५ वर्षमा २३ वटा अभिमुखीकरण तालिमहरू, विभिन्न स्वदेशी तालिमहरू र ४४ वटा वैदेशिक तालिमहरू सञ्चालन गरिएका छन्।

आयोग र आयोगका कार्यालयहरू सबैका आधारभूत भौतिक सुविधासहितका भवनहरू निर्माण भइसकेका छन्। आयोगमा फरेन्सिक ल्याब, पोलिग्राफ परीक्षण, थुनुवा कक्ष, बयान कक्षजस्ता आधारभुत पूर्वाधार व्यवस्थाहरू गरिएको छ। आयोगका आन्तरिक कार्यहरूमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिएको छ। आयोगको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्तासम्बन्धी मापदण्ड, २०८१ अनुसार आयोगमा कार्यरत कर्मचारीहरूको कार्यसम्पादन स्वचालितरूपमा मापन हुने व्यवस्था मिलाइएको छ। सूचना प्रविधिसम्बन्धी सफ्टवेयर विकास, सञ्चालन, सपोर्टलगायतका कार्यहरू पूर्णरूपमा आयोगको आन्तरिक जनशक्तिबाट भइरहेको छ। सबै प्रदेश समेटिने गरी आयोगका कार्यालयहरू विस्तार गरिएको छ।

आयोगमा दर्ता भएका उजुरीहरूको फछ्र्यौट दर क्रमशः वृद्धि हुँदै गएको छ। आ.व. २०७६/७७ मा फछ्र्यौट दर ६७.४ प्रतिशत रहेकोमा आ.व. २०८०/८१ मा ७६.५९ प्रतिशत पुगेको छ।

### दुर्बल पक्षः

भ्रष्टाचारका दृष्टिकोणले उच्च जोखिमयुक्त क्षेत्रहरूको पहिचान र विश्लेषण गरी सोको आधारमा उपयुक्त उपचारात्मक विधिको अवलम्बन गर्ने पद्धतिको विकास हुन सकेको छैन। उजुरीहरूको परीक्षणका लागि उजुरी परीक्षण (स्क्रिनिङ) समिति र अनुसन्धान तथा अभियोजनको गुणस्तर वृद्धिका लागि पूर्णता परीक्षण तथा सिफारिस समितिको व्यवस्था रहेको भए तापनि उजुरी परीक्षण निर्देशिका र पूर्णता परीक्षण कार्यविधिको अभाव रहेको छ। अनुसन्धानको क्रममा शङ्कित व्यक्तिहरूसँग सोधपुछ गर्ने, बयान लिने, तारेखमा राख्ने, थुनामा राख्नेसम्बन्धी कार्यविधि बन्न सकेको छैन। उजुरीको अनुसन्धानको क्रममा शङ्कितउपर निगरानी गर्ने प्रणालीको विकास हुन सकेको छैन। भ्रष्टाचारसम्बन्धी मुद्दामा अदालतबाट भएका फैसलाहरूको विश्लेषणात्मक अध्ययन हुन सकेको छैन। भ्रष्टाचार नियन्त्रणका असल अभ्यासहरू, अन्तर्राष्ट्रिय वित्तीय कारोबारहरू र भ्रष्टाचारका सीमापार अपराधसम्बन्धी सूचना आदान-प्रदान गर्ने संयन्त्रको स्थापना हुन सकेको छैन।

भ्रष्टाचारजन्य कार्यको सम्बन्धमा आयोगमा प्राप्त हुने उजुरीहरूको सङ्ख्यामा निरन्तर वृद्धि हुँदै गएको भए तापनि तथ्यपरक एवम् गुणस्तरीय उजुरीको कमी रहेको छ। आ.व. २०८०/८१ मा दर्ता भएका २६,९१८ वटा उजुरीहरू मध्ये तथ्यहीन र विषयवस्तु नखुलेका १३,५९८ वटा (५०.५३ प्रतिशत) उजुरीहरू उजुरी परीक्षण (स्क्रिनिङ) समितिबाटै तामेलीमा राखी फछ्र्यौट गरिएका छन्। उजुरीको छानबिन/अनुसन्धानका क्रममा आवश्यक प्रमाण तथा कागजात प्राप्त गर्नमा सम्बन्धित निकायबाट अपेक्षित सहयोग प्राप्त हुन सकेको छैन। त्यसका लागि विभिन्न माध्यमबाट ताकेता गर्दासमेत प्रमाण/कागजातहरू समयमा प्राप्त नहुने र प्राप्त भएपनि पूर्ण रूपमा प्राप्त नहुने गरेको छ। यसबाट उजुरीको फछ्र्यौटमा लाग्ने समयावधि लम्बिने गरेको छ।

भ्रष्टाचारको स्वरूप र शैलीमा भइरहेको परिवर्तनलाई सम्बोधन गर्नका लागि आवश्यक कार्यगत एकाइ (फङ्सनल युनिट) हरूसहितको मिश्रित (म्याट्रिक्स) किसिमको सङ्गठन ढाँचाको अभाव रहेको छ। आयोगमा कमिसन क्याडर प्रणालीको व्यवस्था नहुँदा कर्मचारीहरूको बारम्बार सरूवा हुने अवस्था रहेकोले संस्थागत स्मरण सुनिश्चित हुन सकेको छैन। साथै, आयोगमा कार्यरत जनशक्तिमा अनुसन्धानसम्बन्धी विशिष्टीकृत दक्षताको कमी रहेको छ। कतिपय विषयमा अनुसन्धानका लागि बाह्य विज्ञमा निर्भर रहनुपर्ने अवस्था छ। जनशक्तिको क्षमता विकासको लागि अभिमुखीकरण तालिम र अन्य स्वदेशी/विदेशी तालिमहरू प्रदान गर्ने गरिएको भए तापनि स्टिङ अपरेसन, सर्जमिन/मुचुल्का तयारी, प्राविधिक प्रतिवेदन तयारी, पोलिग्राफ परीक्षण, जग्गा प्रशासन, खरिद व्यवस्थापनजस्ता विषयमा आवश्यकताअनुसार विशिष्टीकृत तालिमहरू प्रदान गर्ने कार्य हुन सकेको छैन। आयोगको मानव स्रोत विकास तथा उपयोगसम्बन्धी कार्यविधि/मापदण्ड तयार भएको छैन।



आयोगको कार्यसम्पादनमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुँदै गएको भए तापनि छानबिन/अनुसन्धानका भौतिक फाइलहरूको ट्र्याकिङ गर्ने प्रणालीको अभाव रहेको छ। फरेन्सिक ल्याबमा अडियो-भिडियोको परीक्षण गर्ने व्यवस्था हुन सकेको छैन। आयोगका मातहत कार्यालयहरूमा फरेन्सिक ल्याब स्थापना भएको छैन। आयोगमा रहेको पोलिग्राफ परीक्षणका लागि आवश्यक उपकरण र जनशक्तिको स्थायी व्यवस्था भएको छैन।

उजुरीहरूको अनुसन्धान र अभियोजनमा गरिएका विभिन्न सुधारहरूको बाबजुद आयोगमा दर्ता भएका उजुरीहरूको छानबिन/अनुसन्धानमा लाग्ने गरेको समयावधिलाई उल्लेखनीय रूपमा घटाउन सकिएको छैन भने आयोगले विशेष अदालतमा दायर गरेको मुद्दाको सफलता दरमा पनि वृद्धि हुन सकेको छैन। आ.व. २०७६/७७ मा सफलता दर ८४.७७ प्रतिशत रहेकोमा आ.व. २०८०/८१ मा ६५.२४ प्रतिशत पुगेको छ।

## चुनौतीः

देशमा भ्रष्टाचारको स्वरूप र भ्रष्टाचार गर्ने शैलीमा परिवर्तन हुँदै गएको छ। नीतिगत भ्रष्टाचारको स्पष्ट कानुनी परिभाषाको अभाव रहेको छ। उच्च राजनीतिक एवम् प्रशासकीय पदाधिकारीहरूमा भ्रष्टाचारका मामिलाहरूको छानबिनले विकासका काम तथा प्रक्रिया नै अवरूद्ध हुने गरेको भन्ने भ्रम रहेको छ। सीमापार सूचना आदानप्रदानको लागि पारस्परिक कानुनी सहायतासम्बन्धी द्विपक्षीय सम्झौताहरू हुन सकेका छैनन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनलाई संशोधन गर्ने कार्यमा विलम्ब भएको छ। भ्रष्टाचारप्रति सामाजिक सहिष्णुता बढ्दै गएको छ। समाजमा भ्रष्टाचार नियन्त्रण गर्ने एकल दायित्व आयोगको मात्र हो भन्ने भ्रम रहेको छ। यस्तो अवस्थामा भ्रष्टाचारजन्य कसुरसम्बन्धी उजुरीहरूको छानबिन/अनुसन्धानको फछ्र्यौटमा लाग्ने गरेको समयावधिलाई घटाउने, विशेष अदालतमा दायर भएका मुद्दाहरूको सफलता दर वृद्धि गर्ने र समाजमा आयोगको छविलाई उच्च बनाउने लक्ष्यलाई कसरी हासिल गर्ने भन्ने चुनौतीहरू आयोगले सामना गरिरहेको छ।

## अवसरः

नवीन स्वरूप र शैलीका भ्रष्टाचारका विषयमा प्रभावकारी अनुसन्धान गरी आफ्नो संस्थागत क्षमता प्रदर्शन गर्ने अवसर रहेको छ। भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिलाई नेपालले अनुमोदन गरी कार्ययोजनासहित कार्यान्वयनमा ल्याएको छ। भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा सञ्चारमाध्यम तथा नागरिक समाजको बलियो साथ रहेको छ। भ्रष्टाचार नियन्त्रणको मामिलामा आयोगप्रति सर्वसाधारणको उच्च विश्वास रहेको छ। उच्चपदस्थहरू संलग्न रहने भ्रष्टाचारका उजुरीहरूको सफल अनुसन्धानबाट भ्रष्टाचार नियन्त्रणमा उल्लेख्य कार्य गर्ने अवसर रहेको छ। भ्रष्टाचार नियन्त्रण गर्नु नै असल शासनको प्रवर्धन गर्नु हो भन्ने भाष्य राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विस्तार हुँदै गएको छ। समाजमा भ्रष्टाचारविरुद्धको चेतना अभिवृद्धि हुँदै गएको छ।

आन्तरिक र बाह्य स्थितिहरूको विश्लेषण गरी पहिचान गरिएको आयोगको आन्तरिक सबल र दुर्बल पक्षहरूको साथै बाह्य चुनौती एवम् अवसरहरूलाई यस रणनीति तर्जुमाको एक प्रमुख आधार बनाइएको छ।

## २.२ मुख्य रणनीतिक सवालहरू

आयोगको संवैधानिक कार्यादेश एवम् कार्यक्षेत्र, क्रियाकलापहरू, चौथो रणनीतिक योजनाको प्रगति समीक्षा र भ्रष्टाचारको बदलिँदो स्वरूपलगायत आन्तरिक एवम् बाह्य स्थितिको विश्लेषणका आधारमा आयोगका रणनीतिक सवालहरू निम्नअनुसार रहेका छन्:

१. सम्बद्ध कानुनमा आवश्यक संशोधन गरी नीतिगत भ्रष्टाचारलाई परिभाषित गर्ने,

२. बदलिँदो स्वरूप र शैलीका भ्रष्टाचारका सम्बन्धमा अनुसन्धान गर्न आवश्यक कानुनी प्रबन्ध, सूचना प्रविधि र उपकरण, दक्ष जनशक्तिलगायतको व्यवस्था गरी आयोगको अनुसन्धान क्षमता वृद्धि गर्ने,

३. भ्रष्टाचारजन्य क्रियाकलापबाट आर्जित विदेशी बैङ्कमा रहेका सम्पत्तिको विवरण लिने तथा त्यसलाई फिर्ता ल्याउने प्रयोजनका लागि सम्बन्धित देशसँग पारस्परिक कानुनी सम्झौता गरी सहकार्य गर्ने,

४. आयोगले समेत सम्पत्ति शुद्धीकरणका सम्बन्धमा अनुसन्धान र अभियोजन गर्नुपर्ने नयाँ कानुनी व्यवस्था भएको परिप्रेक्ष्यमा त्यसका लागि आयोगको सङ्गठन संरचनामा परिमार्जन गर्ने, अन्डरकभर अपरेसन, पेनेट्रेसनजस्ता अनुसन्धानका औजार प्रयोग गर्ने कानुनी व्यवस्था गर्ने,

५. आयोगको जनशक्ति आपूर्ति र व्यवस्थापनमा स्थायित्व एवम् विशिष्टताका लागि र अनुसन्धान क्षमता विकास गर्न जनशक्ति व्यवस्थापनको वर्तमान प्रावधानलाई सुधारसहित निरन्तरता दिने वा अन्य उपयुक्त वैकल्पिक व्यवस्था अपनाउने,

६. सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रण गर्ने जिम्मेवारी आयोगको मात्रै हो भन्ने बुझाइलाई परिवर्तन गरी यो कार्य राज्यका सबै संयन्त्र, निजी क्षेत्र, सामुदायिक क्षेत्र, नागरिक समाज तथा प्रेसजगत् समेतको हो भन्ने धारणाको विकास गर्ने,

७. आयोगको कामकारबाहीलाई देखाएर सार्वजनिक पदाधिकारीहरूले निर्णय नगर्ने, निर्णय पन्छाउने र निर्णयमा ढिलासुस्ती गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न सम्बन्धित पदाधिकारीहरूलाई नै जिम्मेवार बनाउने,

८. भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिले सिर्जना गरेका दायित्वहरू पूरा गर्न योगदान गर्ने,

९. भ्रष्टाचार नियन्त्रणलाई बहुआयामिक एवम् अन्तरसम्बन्धित विषयको रुपमा आर्थिक, सामाजिक विकासको एजेण्डामा समेत मूलप्रवाहीकरण गर्ने।

माथि उल्लिखित आन्तरिक एवम् बाह्य स्थितिको विश्लेषण र मुख्य रणनीतिक सवालहरू समेतलाई ध्यानमा राखी आयोगको यो पाचौं रणनीतिक योजना तर्जुमा गरिएको छ।

# परिच्छेद ३

# आयोगको पाँचौं रणनीतिक योजना

## ३.१ दूरदृष्टि, ध्येय, उद्देश्य र मूल्य-मान्यता

### (क) दूरदृष्टि

भ्रष्टाचारमुक्त र सदाचारयुक्त सार्वजनिक क्षेत्र

### (ख) ध्येय

विकासका प्रतिफल र सार्वजनिक सेवामा जनताको सन्तुष्टि अभिवृद्धि हुने गरी भ्रष्टाचार न्यूनीकरण गर्ने।

### (ग) उद्देश्य

उपचारात्मक, निरोधात्मक र प्रवर्धनात्मक विधिको अवलम्बन र आयोगको संस्थागत क्षमता सुदृढीकरणमार्फत् भ्रष्टाचार न्यूनीकरण गर्नु।

### (घ) मूल्य-मान्यता

आयोगका कामकारबाही, निर्णय र व्यवहारहरू देहायका मूलभूत मूल्य-मान्यतामा आधारित रहनुको साथै यिनै मूल्य मान्यताको प्रवर्धनमा केन्द्रित रहनेछन्।

| मूल्य-मान्यता | कार्यान्वयन विधि |
|---|---|
| सदाचारिता | संस्थागत आचार संहिताको प्रभावकारी कार्यान्वयनमार्फत् सदाचार पद्धति प्रवर्धन गर्ने। |
| निष्पक्षता | आयोगको सम्पूर्ण कामकारबाहीलाई वस्तुगत मापदण्डमा आधारित बनाई कार्यविधिगत एकरूपता गरी थप निष्पक्ष बनाउने। |
| निर्भीकता | भ्रष्टाचारजन्य कार्यसम्बन्धी उजुरीको छानबिन/अनुसन्धान गर्दा कुनै प्रकारको दबाब र प्रभावमा नपरी सम्पन्न गर्ने। |
| पेसागत विशिष्टता | उजुरीको छानबिन/अनुसन्धानका लागि विशिष्टीकृत क्षमता अभिवृद्धि गरी पेसागत विशिष्टता कायम गर्ने। |
| प्रमाणमा आधारित अनुसन्धान र अभियोजन | भ्रष्टाचारजन्य कसुरसम्बन्धी उजुरीको सम्बन्धमा तथ्य एवम् प्रमाणमा आधारित छानबिन/अनुसन्धान र अभियोजन गर्ने। |

## ३.२ रणनीति तथा कार्यनीति

यस योजनाको उद्देश्य प्राप्त गर्न देहायबमोजिमका रणनीति र कार्यनीति तय गरिएका छन्:

| रणनीति | कार्यनीति |
|---|---|
| (१) **उपचारात्मक रणनीतिः** भ्रष्टाचारजन्य कसुरसम्बन्धी अनुसन्धान र अभियोजनको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्ने। | १.१ भ्रष्टाचारका उच्च जोखिमयुक्त क्षेत्रहरूको पहिचान र विश्लेषण गरी जोखिममा आधारित उपयुक्त उपचारात्मक विधि अपनाउने। |
| | १.२ आयोगमा प्राप्त उजुरी तथा सूचना छानबिन/अनुसन्धानको लागि योग्य भए/नभएको परिक्षण गर्ने वस्तुगत प्रणाली स्थापना गरी गुणस्तरीय अनुसन्धान गर्ने। |
| | १.३ प्रारम्भिक छानबिनबाट तामेली वा विस्तृत अनुसन्धानमा लैजाने आधार र मापदण्ड थप वस्तुगत र प्रमाणमा आधारित तुल्याउने। |
| | १.४ विस्तृत अनुसन्धान प्रतिवेदनको पूर्णता र गुणस्तर परीक्षणका आधारलाई वस्तुनिष्ठ र प्रमाणमा आधारित तुल्याई अभियोजनको प्रभावकारिता अभिवृद्धि गर्ने। |
| | १.५ आयोगमा प्राप्त हुने उजुरी तथा सूचनाको विश्लेषणदेखि फछ्र्यौट, छानबिन, अनुसन्धान र अभियोजनसम्मका कार्य सम्पादन गर्न लाग्ने समयावधि न्यूनीकरण गरी कार्यदक्षता वृद्धि गर्ने। |
| | १.६ भ्रष्टाचारको बदलिँदो स्वरूप र शैलीलाई मध्यनजर गरी विशेष अनुसन्धान विधि र नवीन प्रविधिको उपयोग गर्ने। |
| | १.७ सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी अपराध नियन्त्रणमा योगदान गर्ने। |
| (२) **निरोधात्मक रणनीतिः** भ्रष्टाचारको रोकथामसम्बन्धी विद्यमान नीति, कानुन तथा कार्यप्रक्रिया सुधार गर्न सहजीकरण गर्नुका साथै सार्वजनिक निकाय र पदाधिकारीको | २.१ भ्रष्टाचार नियन्त्रणमा अवरोध गर्ने तत्त्वहरू हटाउने र सघाउ पुऱ्याउने तत्त्वहरू प्रवर्धन गर्ने। |
| | २.२ नीतिगत निर्णयलाई कानुनी रूपमै परिभाषित गर्नका लागि आवश्यक पहल र अगुवाइ गर्ने। |
| | २.३ सार्वजनिक निकायका प्रमुख तथा पदाधिकारीहरूलाई तत् तत् निकायमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धन गर्न जिम्मेवार बनाउनको लागि नीतिगत र कानुनी व्यवस्था गर्न पहल र अगुवाइ गर्ने। |

| रणनीति | कार्यनीति |
|---|---|
| जवाफदेहिता प्रवर्धन गर्न समन्वय गर्ने। | २.४ भ्रष्टाचारविरुद्ध कार्य गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका संस्थाहरूसँग सहकार्य अभिवृद्धि गर्ने। |
| (३) **प्रवर्धनात्मक रणनीतिः** सार्वजनिक क्षेत्रमा सुशासन एवम् सदाचारिता अभिवृद्धिका लागि सरोकारवाला निकायसँग समन्वय र साझेदारी गर्ने। | ३.१ भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्धनको लागि बहुसरोकार सचेतना अभिवृद्धि गर्ने। |
| | ३.२ भ्रष्टाचारविरुद्धको अभियानमा सबै शासकीय साझेदारहरूको सहभागिता र सहकार्य विस्तार गर्ने। |
| | ३.३ वास्तविक दोषीहरू मात्र छानबिन/अनुसन्धानको दायरामा आउन् भन्ने अभिप्रायलाई मूर्तरूप दिने गरी सचेतना वृद्धि गर्ने। |
| (४) **संस्थागत सुदृढीकरण रणनीतिः** रणनीतिक योजनाले लिएका उद्देश्यहरू हासिल गर्न सङ्गठन, जनशक्ति, सूचना प्रविधि र भौतिक स्रोतसाधनको व्यवस्थापनमा सुधार गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने। | ४.१ आयोगको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार वर्तमान सङ्गठनात्मक संरचना एवम् जनशक्ति व्यवस्थापनको ढाँचा परिमार्जन एवम् सुदृढीकरण गर्ने। |
| | ४.२ आयोगको जनशक्तिको क्षमता अभिवृद्धि गर्ने। |
| | ४.३ आयोगका व्यवस्थापकीय प्रक्रिया तथा विधिलाई थप सरल र नतिजामुखी बनाउने। |
| | ४.४ सूचना प्रविधिलगायत आर्थिक एवम् भौतिक स्रोत साधनको उपलब्धता सुनिश्चित गर्ने। |
| | ४.५ आयोगको अभिलेख प्रणालीलाई थप व्यवस्थित तुल्याउने। |
| | ४.६ आयोगको संस्थागत सुशासनलाई थप सुदृढ तुल्याउने। |



## ३.३ रणनीति कार्यान्वयन कार्ययोजना

यस रणनीतिक योजनाको सहज, सफल र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नका लागि रणनीति कार्यान्यवन कार्ययोजना निर्माण गरिएको छ। यसअन्तर्गत प्रत्येक रणनीतिको कार्यान्वयनको लागि कार्यनीति, क्रियाकलापहरू, नतिजा सूचकहरू, समयावधि, अनुमानित लागत र जिम्मेवार निकाय/पदाधिकारी तोकिएको छ। यसै कार्यान्वयन कार्ययोजना अनुसार नै आयोगको यस रणनीतिक योजनाको कार्यान्वयन सम्पन्न गरिनेछ।

# रणनीति कार्यान्वयन कार्ययोजना

| कार्यनीति | क्रियाकलाप | सूचक | समय सीमा | अनुमानित लागत (रू.लाखमा) | जिम्मेवार महाशाखा/ कार्यालय | सहयोगी महाशाखा/ कार्यालय |
|---|---|---|---|---|---|---|
| **रणनीति १: भ्रष्टाचारजन्य कसुरसम्बन्धी अनुसन्धान र अभियोजनको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्ने।** | | | | | | |
| १.१ भ्रष्टाचारका उच्च जोखिमयुक्त क्षेत्रहरूको पहिचान र विश्लेषण गरी जोखिममा आधारित उपयुक्त उपचारात्मक विधि अपनाउने। | भ्रष्टाचारको जोखिम भएका क्षेत्र, तह, निकाय तथा पदको पहिचान गर्न क्षेत्रगत जोखिम विश्लेषण गरी प्रतिवेदन तयार गर्ने। | जोखिम विश्लेषण प्रतिवेदन | १.५ वर्ष | ५० | महाशाखा नं. १० र ११ | |
| | जोखिम विश्लेषणबाट पहिचान भएका उच्च जोखिमयुक्त क्षेत्र, तह तथा निकायमा आयोगको इन्टेलिजेन्स परिचालन गर्ने। | इन्टेलिजेन्स प्रतिवेदन सङ्ख्या | निरन्तर | १०० | महाशाखा नं. १२ | |
| | इन्टेलिजेन्स प्रतिवेदनको आधारमा उजुरी कायम गरी भ्रष्टाचारजन्य कसुरको छानबिन/अनुसन्धान गर्ने। | कायम भएका उजुरीको सङ्ख्या | निरन्तर | -- | अनुसन्धान महाशाखाहरू | उजुरी परीक्षण समिति |
| १.२ आयोगमा प्राप्त उजुरी तथा सूचना छानबिन/अनुसन्धान को लागि योग्य भए/नभएको परीक्षण | प्राप्त उजुरीहरूलाई छानबिन/अनुसन्धान प्रक्रियामा लैजान वस्तुगत परीक्षणका लागि उजुरी परीक्षण निर्देशिका तयार गर्ने। | उजुरी परीक्षण निर्देशिका | १.५ वर्ष | ५ | महाशाखा नं. ६, १० र ११ | सबै महाशाखा र कार्यालयहरू |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गर्ने वस्तुगत प्रणाली स्थापना गरी गुणस्तरीय अनुसन्धान गर्ने। | | | | | | |
| १.३ प्रारम्भिक छानबिनबाट तामेली वा विस्तृत अनुसन्धानमा लैजाने आधार र मापदण्ड थप वस्तुगत र प्रमाणमा आधारित तुल्याउने। | छानबिन/अनुसन्धान प्रक्रियालाई थप प्रमाणमा आधारित बनाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ मा परिमार्जन गर्ने | परिमार्जित कार्यवीधि | १.५ वर्ष | ५ | महाशाखा नं. १० | सबै महाशाखा र कार्यालय |
| | प्राविधिक विज्ञता आवश्यक पर्ने विशेष क्षेत्रका उजुरीहरूको अनुसन्धानमा प्राविधिक विज्ञता प्रयोग गरी अनुसन्धान गर्ने। | प्रविधिक विज्ञतासहित अनुसन्धानको सङ्ख्या | निरन्तर | १०० | सबै अनुसन्धान महाशाखा र कार्यालयहरू | |
| | उजुरीको अनुसन्धानको क्रममा शङ्कित उपर सशक्त निगरानी गर्ने प्रणाली विकास गर्ने। | निगरानी गरिएको सङ्ख्या | निरन्तर | -- | महाशाखा नं. १२ | |
| | स्थलगत सर्जमिन/मुचुल्का, प्राविधिक प्रतिवेदन, प्रयोगशाला परीक्षण, पोलिग्राफी टेष्ट जस्ता प्रमाण सङ्कलन कार्यको छुट्टाछुट्टै कार्यविधि निर्माण गर्ने। | छुट्टाछुट्टै कार्यविधिहरू | १.५ वर्ष | २० | महाशाखा नं. १० र ११ | सबै अन्य अनुसन्धान महाशाखा र कार्यालयहरू |
| | अनुसन्धानको क्रममा शङ्कित व्यक्तिहरूसँग सोधपुछ गर्ने, बयान लिने, तारेखमा राख्ने, थुनामा राख्ने सम्बन्धी कार्यविधि निर्माण गर्ने। | कार्यविधि | १.५ वर्ष | १० | महाशाखा नं. १० र ११ | महाशाखा नं. १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | हाल प्रयोगमा रहेको अनुसन्धान प्रतिवेदन ढाँचामा एकरुपता कायम हुने गरी थप सुधार गर्ने। | परिमार्जित प्रतिवेदन ढाँचा | १.५ वर्ष | -- | महाशाखा नं. १० र ११ | |
| १.४ विस्तृत अनुसन्धान प्रतिवेदनको पूर्णता र गुणस्तर परीक्षणका आधारलाई वस्तुनिष्ठ र प्रमाणमा आधारित तुल्याई अभियोजनको प्रभावकारिता अभिवृद्धि गर्ने। | अनुसन्धानको परिपक्वता र पूर्णताको जाँचका लागि कार्यविधि/मापदण्ड निर्माण गर्ने। | पूर्णता जाँच कार्यविधि/ मापदण्ड | १.५ वर्ष | ५ | महाशाखा नं. ८ | |
| | सरकारी वकिलबाट हुने बहस तथा पैरवीको प्रभावकारिता अभिवृद्धि गर्न आयोग र विशेष सरकारी वकिलको कार्यालयसम्बद्ध पदाधिकारीहरूबीच नियमित छलफल गर्ने। | छलफलको सङ्ख्या | निरन्तर | ५० | महाशाखा नं. ८ | महाशाखा नं. १० र ११ |
| | आयोगबाट दायर गरिएका मुद्दाको प्रकृति र गाम्भीर्यताको आधारमा आयोगको तर्फबाट कानुन व्यवसायीहरूबाट समेत बहस गर्ने व्यवस्था मिलाउने। | आयोगको तर्फबाट कानुन व्यवसायीहरूबाट बहस भएका मुद्दा सङ्ख्या | आवश्यकता अनुसार | २५० | महाशाखा नं. ८ | महाशाखा नं. ११ |
| १.५ आयोगमा प्राप्त हुने उजुरी तथा सूचनाको विश्लेषणदेखि फछ्र्यौट, छानबिन, अनुसन्धान र अभियोजनसम्मका कार्य सम्पादन गर्न | आयोगमा दर्ता भएका ३ वर्ष अघिका सबै उजुरीहरू फछ्र्यौट गर्ने। | फछ्र्यौट भएका ३ वर्ष अघिका उजुरी सङ्ख्या | ५ वर्ष | -- | सबै अनुसन्धान महाशाखाहरू | उजुरी परीक्षण समिति, पूर्णता परीक्षण समिति |
| | उजुरीका भौतिक फाइल ट्रयाकिङका लागि बार कोडको उपयोग गर्ने। | बार कोडिङ् भएका उजुरी फाइलहरूको सङ्ख्या | १.५ वर्ष | ५० | महाशाखा नं. १० र ११ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| लाग्ने समयावधि न्यूनीकरण गरी कार्यदक्षता वृद्धि गर्ने। | | | | | | |
| १.६ भ्रष्टाचारको बदलिँदो स्वरूप र शैलीलाई मध्यनजर गरी विशेष अनुसन्धान विधि र नवीन प्रविधिको उपयोग गर्ने। | अनुसन्धान प्रक्रियामा कन्ट्रोल डेलिभरी, अन्डर कभर अपरेसन, इन्टरसेप्सन, अरेष्ट वेभर लगायतका नवीन अनुसन्धान विधि प्रयोगसम्बन्धी निर्देशका तर्जुमा गर्ने। | प्रविधिको प्रयोग सम्बन्धी निर्देशिका | १.५ वर्ष | १० | महाशाखा नं. १० र ११ | |
| | ओएएस प्रणालीमा डुप्लिकेट उजुरी चेक, फायल ट्र्याकिङ् लगायतको कार्य एआई समेतको प्रयोग गर्ने गरी फिचर थप गर्ने। | थप गरिएको फिचर तथा घट्ने दोहोरोपनायुक्त उजुरीको सङ्ख्या | २ वर्ष | -- | महाशाखा नं. १० | |
| | आयोगमा रहेको फरेन्सिक ल्याबमा अडियो-भिडियोको समेत परीक्षण गर्न सकिने गरी स्तरोन्नति गर्ने। | अडियो-भिडियो परीक्षण प्रणाली र परीक्षणको सङ्ख्या | २ वर्ष | ६०० | महाशाखा नं. १२ | |
| | आयोगमा रहेको पोलिग्राफ परीक्षण ल्यावको लागि आवश्यक सफ्टवेयर तथा सम्पूर्ण उपकरणहरूको व्यवस्था गर्ने। | पोलिग्राफ सफ्टवेयर तथा उपकरणहरू | ३ वर्ष | ४४० | महाशाखा नं. ११ | |
| १.७ सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी | सम्पत्ति शुद्धीकरण कसुरको अनुसन्धानसम्बन्धी निर्देशिका तर्जुमा गर्ने। | सम्पत्ति शुद्धीकरण अनुसन्धानसम्बन्धी निर्देशिका | १.५ वर्ष | १० | महाशाखा नं. ६, १० र ११ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी अपराध नियन्त्रणमा योगदान गर्ने। | सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानको छुट्टै अभिलेख राख्नको लागि ओएएसमा छुट्टै मोड्युल विकास गर्ने। | सम्पत्ती सुद्धीकरण सम्बन्धी अनुसन्धान सङ्ख्या | १.५ वर्ष | -- | सबै महाशाखाहरू | महाशाखा नं. ११ |
| | सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरको अनुसन्धान गर्नको लागि सो सम्बन्धमा अनुसन्धान अधिकृतहरूलाई विशिष्टीकृत तालिम प्रदान गर्ने। | विशिष्टीकृत तालिम सङ्ख्या | १.५ वर्ष | २०० | महाशाखा नं. १० | |
| **रणनीति २: भ्रष्टाचारको रोकथामसम्बन्धी विद्यमान नीति, कानुन तथा कार्यप्रक्रिया सुधार गर्न सहजीकरण गर्नुका साथै सार्वजनिक निकाय र पदाधिकारीको जवाफदेहीता प्रवर्धन गर्न समन्वय गर्ने।** | | | | | | |
| २.१ भ्रष्टाचार नियन्त्रणमा अवरोध गर्ने तत्वहरू हटाउने र सघाउ पुऱ्याउने तत्वहरू प्रवर्धन गर्ने। | भ्रष्टाचार नियन्त्रणमा अवरोध गर्ने र सघाउ पुऱ्याउने तत्वहरू पहिचान गर्न अध्ययन गर्ने। | अध्ययन प्रतिवेदन | १.५ वर्ष | ५ | महाशाखा नं. १० | सबै महाशाखा र कार्यालयहरू |
| | अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनमा समसामयिक संशोधनको लागि जिम्मेवार निकायसँग छलफल/अन्तरक्रिया गर्ने/सुझाव प्रदान गर्ने। | छलफल/ अन्तरक्रिया/ सुझाव सङ्ख्या | १.५ वर्ष | -- | महाशाखा नं. १० र ११ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय; आयोगका सबै महाशाखा र कार्यालयहरू |
| | भ्रष्टाचार निवारण ऐनको कार्यान्वयनको लागि आवश्यक कार्यविधि तर्जुमा गर्ने। | भ्रष्टाचार निवारण ऐनको कार्यान्वयन कार्यविधि | १.५ | १० | महाशाखा नं. ८ र ९ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सुशासन प्रवर्धन र विकास निर्माण सम्बन्धमा देखिएका कमजोरी हटाउन तहगत सरकारलाई आवश्यकतानुसार सुझावहरू दिने। | सुझावको सङ्ख्या | प्रत्येक वर्ष र समय समयमा | -- | महाशाखा नं. १० र सबै अनुसन्धान अधिकृतहरू | सबै महाशाखा र कार्यालयहरू |
| | भ्रष्टाचारसम्बन्धी मुद्दामा अदालतबाट भएका फैसलाहरूको विश्लेषणात्मक अध्ययन गर्ने | अध्ययन प्रतिवेदन | आवश्यकता अनुसार | ५ | महाशाखा नं. ८, १०, ११ | सम्बन्धित अदालत; महान्यायाधिवक्ताको कार्यालय; विशेष सरकारी वकिलको कार्यालय |
| | गैरकानुनी सम्पत्तिसम्बन्धी सर्वोच्च अदालतबाट प्रतिपादन भएका नजिरहरूको सङ्ग्रहलाई अद्यावधिक गर्ने | अद्यावधिक नजिर सङ्ग्रह | १.५ वर्ष | -- | महाशाखा नं.६ | |
| | भ्रष्टाचार नियन्त्रणको विश्वव्यापी अभियानको लागि अन्तर्राष्ट्रिय सम्मेलन, गोष्ठी, बैठकमा सहभागी हुने | सहभागिताको सङ्ख्या | निरन्तर | ३०० | महाशाखा १० र ११ | आवश्यकता अनुसार सबै महाशाखा र कार्यालयहरू |
| २.२ नीतिगत निर्णयलाई कानुनी रुपमै परिभाषित | सरकारी निर्णय नीतिगत हुन् वा होइनन् भन्ने सम्बन्धमा स्पष्ट कानुनी परिभाषाको लागि सम्बद्ध कानुनमा | अन्तरक्रिया/ छलफल सङ्ख्या | संशोधन नभएसम्म निरन्तर | -- | महाशाखा नं. ८ | आवश्यकता अनुसार सबै महाशाखा र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गर्नका लागि आवश्यक पहल र अगुवाइ गर्ने। | संशोधन गर्नको लागि सम्बन्धित निकायहरूसँग अन्तरक्रिया/छलफल गर्ने। | | | | | कार्यालयहरू |
| | तीनै तहका सरकारका प्रशासकीय कार्यविधि तथा आवधिक योजना तर्जुमा गर्दा आर्थिक अनुशासन तथा वित्तीय उत्तरदायित्व सुनिश्चितताका लागि सम्बन्धित निकायहरूसँग अन्तरक्रिया/छलफल गर्ने/ सुझाव प्रदान गर्ने। | अन्तरक्रिया/ छलफल/ दिइएका सुझाव सङ्ख्या | सुनिश्चित नभएसम्म निरन्तर | -- | महाशाखा नं. १० र ११ | |
| | गैरकानुनी सम्पत्ति अनुसन्धानसँग सम्बन्धित विषयहरूसँग प्रत्यक्ष जोडिएका नेपाल राष्ट्र बैङ्कलगायतका निकायहरूसँग नियमित रूपमा अन्तरक्रिया गर्ने। | अन्तरक्रियाको सङ्ख्या | निरन्तर | २० | महाशाखा नं. ६ | |
| २.३ सार्वजनिक निकायका प्रमुख तथा पदाधिकारीहरूलाई तत् तत् निकायमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धन गर्न जिम्मेवार बनाउनको लागि नीतिगत र | निजामती सेवा ऐन, भ्रष्टाचार निवारण ऐन एवम् सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐनलगायत क्षेत्रगत कानुन र नीतिहरूमा समसामयिक सुधारका लागि सम्बन्धित निकायहरूसँग अन्तरक्रिया/छलफल गर्ने/सुझाव प्रदान गर्ने। | अन्तरक्रिया/ छलफल/ दिइएका सुझाव सङ्ख्या | सुधार नभएसम्म निरन्तर | -- | महाशाखा नं. ८ | |
| | सबै सार्वजनिक निकायका पदाधिकारीहरूका लागि निकायगत | अन्तरक्रिया/ छलफल/ | आचार संहिता तयार | -- | महाशाखा नं. १० र ११ | आवश्यकता अनुसार सबै |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कानुनी व्यवस्था गर्न पहल र अगुवाइ गर्ने। | आचार संहिता तयार गरी कार्यान्वयन गराउन सम्बन्धित निकायहरूसँग अन्तरक्रिया/छलफल गर्ने/सुझाव प्रदान गर्ने। | दिइएका सुझाव सङ्ख्या | नभएसम्म निरन्तर | | | महाशाखा र कार्यालयहरू |
| २.४ भ्रष्टाचारविरुद्ध कार्य गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका संस्थाहरूसँग सहकार्य अभिवृद्धि गर्ने। | भ्रष्टाचारविरुद्धका संस्थाका अन्तर्राष्ट्रिय सञ्जालहरूसँग आबद्धता कायम गरी सक्रिय सहभागिता जनाउने। | सञ्जालमा सहभागिता सङ्ख्या | निरन्तर | २०० | महाशाखा नं. १० र ११ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| | भ्रष्टाचारजन्य कसुरको अनुसन्धानको सिलसिलामा आवश्यक पर्ने प्रमाण, सूचना र जानकारीहरू प्राप्त गर्न विभिन्न मुलुकहरूसँग पारस्परिक कानुनी सहायतासम्बन्धी द्विपक्षीय सम्झौता गर्न सम्बन्धित निकायहरूसँग अन्तरक्रिया/छलफल गर्ने/सुझाव प्रदान गर्ने। | अन्तरक्रिया/ छलफल/ दिइएका सुझाव सङ्ख्या | सम्झौता नभएसम्म निरन्तर | -- | महाशाखा नं. १० र ११ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| | भ्रष्टाचार नियन्त्रणका असल अभ्यासहरू, अन्तर्राष्ट्रिय वित्तीय कारोबारहरू र भ्रष्टाचारका सीमापार अपराधसम्बन्धी सूचना आदानप्रदान संयन्त्र स्थापना गर्ने। | स्थापित संयन्त्र | १.५ वर्ष | ३० | महाशाखा नं. १० र ११ | |
| **रणनीति ३ : सार्वजनिक क्षेत्रमा सुशासन एवम् सदाचारिता अभिवृद्धिका लागि सरोकारवाला निकायसँग समन्वय र साझेदारी गर्ने।** | | | | | | |
| ३.१ भ्रष्टाचार नियन्त्रण तथा | भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्धनको कार्यमा सबै सार्वजनिक | प्रवाहित सूचनाको सङ्ख्या | निरन्तर | -- | महाशाखा नं. १० र ११ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सुशासन प्रवर्धनका लागि बहुसरोकार सचेतना अभिवृद्धि गर्ने। | निकाय र बाह्य क्षेत्रका सरोकारवालाको भूमिकाका सम्बन्धमा प्रभावकारी रूपमा सूचना प्रवाह गर्ने। | | | | | |
| | सार्वजनिक पदाधिकारी र कर्मचारीमा सदाचारिता र नैतिक मूल्यमान्यता प्रवर्धनका लागि कार्यक्रमहरू सञ्चालन गर्ने। | सञ्चालित कार्यक्रम सङ्ख्या | निरन्तर | ४०० | महाशाखा नं. १० र ११ | मातहतका सबै कार्यालयहरू |
| | जुनसुकै तरिकाले धन आर्जन गरी समाजमा आडम्बर देखाउने प्रवृत्ति निरुत्साहन गर्न अभियानकै रूपमा सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने। | सञ्चालित कार्यक्रम सङ्ख्या | निरन्तर | ४०० | महाशाखा नं. १० र ११ | मातहतका सबै कार्यालयहरू |
| | भ्रष्टाचार नियन्त्रण कार्यमा पुऱ्याएको योगदानको आधारमा भ्रष्टाचारविरुद्ध क्रियाशील अभियन्ता तथा संस्थालाई प्रत्येक वर्ष सम्मान/कदर गर्ने। | सम्मानित सङ्ख्या | हरेक वर्ष | ५० | महाशाखा नं. ११ | |
| | सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रणको प्रभावकारिताका सम्बन्धमा आयोगका पूर्व पदाधिकारी, सम्बन्धित विज्ञ तथा सरोकारवालाहरूसँग बैठक/छलफल गर्ने। | बैठक सङ्ख्या | हरेक वर्ष | २० | महाशाखा १० | |
| | आयोगको लागि विभिन्न निकायका सम्पर्क विन्दुहरूसँग बैठक/छलफल गर्ने। | बैठक सङ्ख्या | हरेक वर्ष | २० | महाशाखा १० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्थानीय तहका पदाधिकारी, कर्मचारी तथा विभिन्न समितिका पदाधिकारी लक्षित अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | अभिमुखीकरण कार्यक्रम सङ्ख्या | हरेक वर्ष | २०० | मातहत कार्यालयहरू | |
| | आयोगको रणनीति कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गरी समीक्षा गर्ने। | अनुगमन मूल्याङ्कन प्रतिवेदन | ३ वर्ष | ५ | महाशाखा नं. १० | |
| | भ्रष्टाचार नियन्त्रण कार्यलाई सघाउ पुर्‍याउन प्रवर्धनात्मक सामग्री छपाइ र वितरण गर्ने। | प्रवर्धनात्मक सामग्री छपाइ र वितरण सङ्ख्या | निरन्तर | १०० | महाशाखा नं. ११ | महाशाखा नं. ११ |
| | भ्रष्टाचार नियन्त्रणमा आयोगको भूमिका समेटिएको डकुमेन्ट्री/सामग्री निर्माण तथा प्रसारण/प्रकाशन गर्ने। | डकुमेन्ट्री निर्माण तथा प्रसारण/प्रकाशन सङ्ख्या | निरन्तर | २०० | महाशाखा नं. १० र ११ | मातहतका कार्यालयहरू |
| | प्रसारण/प्रकाशन संस्थासँगको सहकार्यमा सुशासन सवाल, नीति संवादजस्ता सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | सचेतनामूलक कार्यक्रम सङ्ख्या | निरन्तर | ४०० | महाशाखा नं. १० र ११ | मातहतका कार्यालयहरू |
| ३.२ भ्रष्टाचारविरुद्धको अभियानमा सबै शासकीय | सुशासन प्रवर्धन, भ्रष्टाचार नियन्त्रण एवम् सार्वजनिक जीवनमा सदाचारिता बढाउने कार्यमा क्रियाशील नागरिक समाज, सञ्चारजगत्, सामुदायिक संस्था | सहकार्य/ समन्वय बैठक सङ्ख्या | निरन्तर | -- | महाशाखा नं. १० र ११ | मातहतका कार्यालयहरू |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| साझेदारहरूको सहभागिता र सहकार्य विस्तार गर्ने। | एवम् सामाजिक जागरणका अगुवाहरूसँग सहकार्य गर्ने। | | | | | |
| | राज्यका तीनै तहका सरकारमा रहेका जनप्रतिनिधि तथा प्रशासकीय नेतृत्वमा रहेका पदाधिकारीहरूलाई भ्रष्टाचारविरुद्ध प्रतिबद्ध बनाउन आवश्यक अभिमुखीकरणसहित विभिन्न कार्यक्रम सञ्चालन गर्ने। | अभिमुखीकरण कार्यक्रम सङ्ख्या | निरन्तर | ३०० | महाशाखा नं. १० र ११ | मातहतका कार्यालयहरू |
| ३.३ वास्तविक दोषीहरू मात्र छानबिन/ अनुसन्धानको दायरामा आउन् भन्ने अभिप्रायलाई मूर्तरूप दिने गरी सचेतना वृद्धि गर्ने। | राष्ट्रसेवकले कानुनसम्मत रूपमा आर्जन गरेको सम्पत्तिको उचित अभिलेखीकरण गर्नुपर्ने र प्रमाण सङ्ग्रह गर्नुपर्ने जस्ता विषयमा सचेतना कार्यक्रम सञ्चालन गर्ने। | कार्यक्रम सङ्ख्या | हरेक वर्ष | २०० | महाशाखा नं. ६ र १० | |
| **रणनीति ४: रणनीतिक योजनाले लिएका उद्देश्यहरू हासिल गर्न सङ्गठन, जनशक्ति, सूचना प्रविधि र भौतिक स्रोतसाधनको व्यवस्थापनमा सुधार गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने।** | | | | | | |
| ४.१ आयोगको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन आवश्यकता | परिवर्तित सन्दर्भ र कामको प्रकृति (गैरकानुनी सम्पत्ति आर्जन, खरिद, सम्पत्ति शुद्धीकरण आदि) अनुसार कार्यगत एकाइहरू र बहुक्षेत्र वा | परिवर्तित सङ्गठनात्मक ढाँचा | २ वर्ष | २० | महाशाखा नं. ११ | अन्य सबै महाशाखा र कार्यालयहरू |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अनुसार आयोगको वर्तमान सङ्गठनात्मक संरचना एवम् जनशक्ति व्यवस्थापनको ढाँचा परिमार्जन एवम् सुदृढीकरण गर्ने। | अन्तरसम्बन्धित विषयको अनुसन्धानको लागि अनुसन्धान एकाइहरू (फङ्सनल युनिट्स) रहने आयोगको मिश्रित किसिमको वा अन्य उपयुक्त सङ्गठन ढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याउने। | | | | | |
| | आयोगको वर्तमान जनशक्ति व्यवस्थापनको ढाँचालाई परिमार्जन गरी संवैधानिक आयोग सेवा (कमिसन क्याडर) वा अख्तियार सेवा/समूहको कानुनी व्यवस्था गर्न सम्बन्धित निकायसँग अन्तरक्रिया/ छलफल गर्ने | अन्तरक्रिया/ छलफल सङख्या | कानुनी व्यवस्था नभएसम्म निरन्तर | -- | महाशाखा नं. ११ | अन्य सबै महाशाखा र कार्यालयहरू |
| | आयोगको परिमार्जित सङ्गठन ढाँचासँग तदात्म्यता हुने गरी जनशक्ति व्यवस्थापन गर्ने। | परिवर्तित ढाँचाअनुरूपको जनशक्ति सङ्ख्या | कमिसन क्याडरको कानुनी व्यवस्था भएको १ वर्षभित्र | -- | महाशाखा नं. ११ | |
| | भ्रष्टाचारजन्य कार्यहरूको अनुसन्धान, तहकिकात क्षेत्रगत/विषयगत पेसागत दक्षताको आधारमा सम्पादन हुने सुनिश्चितताका लागि विज्ञ सेवा प्राप्त गर्ने। | विज्ञ सेवाको उपलब्ध सङ्ख्या | निरन्तर | २०० | महाशाखा नं. ११ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीमा सुधारका लागि आधारहरू थप गर्दै जाने। | PBIS मा थपिएका नयाँ आधारको सङ्ख्या | निरन्तर | -- | महाशाखा नं. १० | सबै महाशाखा र कार्यालयहरू |
| ४.२ आयोगको जनशक्तिको क्षमता अभिवृद्धि गर्ने। | आयोगको मानव स्रोत विकास तथा उपयोगसम्बन्धी कार्यविधि तथा मापदण्ड तर्जुमा गर्ने। | कार्यविधि तथा मापदण्ड | २ वर्ष | ५ | महाशाखा नं. १० र ११ | |
| | अनुसन्धान अधिकृतहरूलाई अभिमुखीकरण तालिम प्रदान गर्ने। | अभिमुखीकरण तालिम सङ्ख्या | निरन्तर | ३०० | महाशाखा नं. १० | |
| | अनुसन्धान अधिकृतहरूको लागि स्वदेश तथा विदेशमा अनुसन्धानसम्बन्धी तालिम प्रदान गर्ने। | स्वदेशी तथा विदेशी तालिम सङ्ख्या | निरन्तर | १००० | महाशाखा नं. १० | महाशाखा ११ |
| | अनुसन्धान अधिकृतहरूको लागि रङ्गेहात कारबाही, मुचुल्का लेखन, प्रतिवेदन तयारी, प्राविधिक नापजाँच, पोलिग्राफी, जग्गा प्रशासन, सार्वजनिक खरिद, गैरकानुनी सम्पत्ति अनुसन्धानलगायतका विषयमा सम्बन्धित तालिम प्रदायक निकायहरूसँग समन्वय गरी विशिष्टीकृत तालिम प्रदान गर्ने। | विशिष्टीकृत तालिम सङ्ख्या | निरन्तर | ५०० | महाशाखा नं. १० | महाशाखा ११ |
| | आयोगका सम्पूर्ण निकायहरूमा न्यूनतम् कागजयुक्त शासकीय प्रबन्ध र प्रणालीको अभ्यास विस्तार गर्ने कार्यलाई निरन्तरता दिने। | प्रणालीको निरन्तरता | निरन्तर | -- | महाशाखा नं. ११ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.३ आयोगको व्यवस्थापकीय प्रक्रिया तथा विधिलाई थप सरल र नतिजामुखी बनाउने | आयोगको वार्षिक योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको वर्तमान प्रणाली र प्रक्रियालाई यस रणनीतिक योजनाको कार्यान्वयन अनुकूल हुने गरी सुधार गरी अभ्यास गर्ने। | परिमार्जित विधि र प्रणाली | निरन्तर | -- | महाशाखा नं. १० | |
| | सञ्चय कोष, धितोपत्र बोर्ड लगायतसँग आवश्यक सम्झौता गरी सूचना प्रविधिको प्रयोगमार्फत् सूचना तथा तथ्याङ्क आदानप्रदान गर्ने। | आदानप्रदान गरिएको डाटाको सङ्ख्या | १.५ वर्ष | -- | महाशाखा नं. १० र ११ | |
| ४.४ सूचना प्रविधिलगायत आर्थिक एवम् भौतिक स्रोतसाधनको उपलब्धता सुनिश्चित गर्ने। | आयोगको ओएएस प्रणालीमा कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोषजस्ता निकायहरूसँग एमओयु गरी डकुमेन्ट सेयरिङ् गर्ने प्लेटफर्म थप गर्ने। | डकुमेन्ट सेयरिङमा आबद्ध निकायहरूको सङ्ख्या | १.५ वर्ष | -- | महाशाखा नं. १० र ११ | |
| | आयोगको ओएएस प्रणालीमार्फत् यस रणनीतिका क्रियाकलापहरू मापन गर्ने व्यवस्था गर्ने। | ओएएस प्रणालीबाट रणनीतिक क्रियाकलापहरूको प्रगति मापन भएको हुने | १.५ वर्ष | -- | महाशाखा नं. १० | |
| | पोलिग्राफ परीक्षणको लागि आवश्यक दक्ष जनशक्तिको व्यवस्था गर्ने। | आवश्यक दक्ष जनशक्तिको उपलब्धता | १.५ वर्ष | -- | महाशाखा नं. ११ र १२ | महाशाखा नं. १२ |
| | ओएएस प्रणालीमा प्राप्त उजुरी, प्रारम्भिक छानबिन, विस्तृत अनुसन्धान, तामेली, मुद्दा दायर, सफलता | खण्डीकृत तथ्याङ्क | १.५ वर्ष | -- | महाशाखा नं. १० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | दरलगायतका खण्डीकृत तथ्याङ्क थप व्यवस्थित गर्ने। | | | | | |
| ४.५ आयोगको अभिलेख प्रणालीलाई थप व्यवस्थित तुल्याउने। | छानबिन/अनुसन्धानको क्रममा रोक्का राखिएका जग्गा, बैङ्क खाता, लकर, नगद, सुनचाँदी आदिको छुट्टाछुट्टै अभिलेख राख्ने। | छुट्टाछुट्टै अभिलेख | १.५ वर्ष | -- | महाशाखा नं. १० | |
| | भ्रष्टाचारजन्य कसुरसम्बन्धी मुद्दामा अदालतको फैसलाबाट नेपाल सरकारको नाममा प्राप्त हुनुपर्ने र प्राप्त भइसकेको चल-अचल सम्पत्तिको छुट्टाछुट्टै अभिलेख राख्ने। | छुट्टाछुट्टै अभिलेख | १.५ वर्ष | -- | महाशाखा नं. १० | सबै महाशाखा र कार्यालयहरू |
| | आयोगको कागजात धुल्याउनेसम्बन्धी निर्देशिका, २०८१ बमोजिम कागजात धुल्याउने तथा अभिलेख राख्ने। | धुल्याइएका कागजात सङ्ख्या | निरन्तर | १०० | कागजात धुल्याउने कार्यटोली | महाशाखा नं. ६ |
| ४.६ आयोगको संस्थागत सुशासनलाई थप सुदृढ तुल्याउने। | आयोगको आन्तरिक नियन्त्रण कार्यविधि तर्जुमा गर्ने। | आन्तरिक नियन्त्रण कार्यविधि | १.५ वर्ष | १० | महाशाखा नं. ११ | |
| | आयोगका कर्मचारीहरूलाई कार्यसम्पादनको आधारमा पुरस्कृत गर्ने प्रयोजनार्थ पुरस्कार वितरण मापदण्ड तर्जुमा गर्ने। | पुरस्कार वितरण मापदण्ड | १.५ वर्ष | १० | महाशाखा नं. ११ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आयोगका कर्मचारीहरूको आचार संहिता, २०७६ को परिपालनाको नियमित अनुगमन गरी प्रतिवेदन गर्न एक आचार संहिता अनुगमन समिति बनाउने। | आचार संहिता अनुगमन समिति | १.५ वर्ष | -- | महाशाखा नं. ११ | |
| **जम्मा** | | | | **६९.१५ लाख** | | |

## ३.४ परिमाणात्मक लक्ष्य

यस रणनीतिक योजनाका परिमाणात्मक लक्ष्यहरू देहायबमोजिम तय गरिएका छन्:

| क्र.सं. | क्रियाकलाप | सूचक | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| १ | भ्रष्टाचारको जोखिम भएका क्षेत्र, तह तथा निकायको पहिचान गर्न क्षेत्रगत जोखिम विश्लेषण गरी प्रतिवेदन तयार गर्ने। | जोखिम विश्लेषण प्रतिवेदन | – | १ | – | – | – |
| २ | प्राप्त उजुरीहरूलाई छानबिन/ अनुसन्धान प्रक्रियामा लैजान वस्तुगत परीक्षणका लागि उजुरी परीक्षण निर्देशिका तयार गर्ने। | उजुरी परीक्षण निर्देशिका | – | १ | – | – | – |
| ३ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ मा परिमार्जन गरी छानबिन/अनुसन्धान प्रक्रियालाई थप प्रमाणमा आधारित बनाउने। | परिमार्जित कार्यविधि | – | १ | – | – | – |
| ४ | स्थलगत सर्जमिन/मुचुल्का, प्राविधिक प्रतिवेदन, प्रयोगशाला परीक्षण, पोलिग्राफी टेस्टजस्ता प्रमाण सङ्कलन कार्यको छुट्टाछुट्टै कार्यविधि निर्माण गर्ने। | छुट्टाछुट्टै कार्यविधि | – | १ | – | – | – |
| ५ | अनुसन्धानको क्रममा शङ्कित व्यक्तिहरूसँग सोधपुछ गर्ने, बयान लिने, तारेखमा राख्ने, थुनामा राख्नेसम्बन्धी कार्यविधि निर्माण गर्ने। | सोधपुछ गर्ने, बयान लिने, तारेखमा राख्ने, थुनामा राख्नेसम्बन्धी कार्यविधि | – | १ | – | – | – |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | अनुसन्धानको परिपक्वता र पूर्णताको जाँचका लागि कार्यविधि/ मापदण्ड निर्माण गर्ने। | पूर्णता जाँच कार्यविधि/मापदण्ड | - | १ | - | - | - |
| ७ | सरकारी वकिलबाट हुने बहसको प्रभावकारिता वृद्धि गर्न आयोग र विशेष सरकारी वकिलको कार्यालयसम्बद्ध पदाधिकारीहरूसँग नियमित छलफल गर्ने। | छलफल सङ्ख्या | १ | १ | १ | १ | १ |
| ८ | भ्रष्टाचार नियन्त्रणमा अवरोध गर्ने र सघाउ पुऱ्याउने तत्वहरू पहिचान गर्न अध्ययन गर्ने। | अध्ययन प्रतिवेदन | - | १ | - | - | - |
| ९ | भ्रष्टाचारसम्बन्धी मुद्दामा अदालतबाट भएका फैसलाहरूको विश्लेषणात्मक अध्ययन गर्ने। | अध्ययन प्रतिवेदन | १ | - | १ | - | १ |
| १० | भ्रष्टाचार नियन्त्रणको विश्वव्यापी अभियानको लागि अन्तर्राष्ट्रिय सम्मेलन, गोष्ठी, बैठकमा सहभागी हुने | सहभागिता सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ |
| ११ | भ्रष्टाचारविरुद्धका संस्थाका अन्तर्राष्ट्रिय सञ्जालहरूसँग आबद्धता कायम गरी सक्रिय सहभागिता जनाउने। | सहभागिता कार्यक्रम सङ्ख्या | १ | १ | १ | १ | १ |
| १२ | भ्रष्टाचार नियन्त्रणका असल अभ्यासहरू, अन्तर्राष्ट्रिय वित्तीय कारोबारहरू र भ्रष्टाचारका सीमापार अपराधसम्बन्धी सूचना आदानप्रदान संयन्त्र स्थापना गर्ने। | सूचना आदानप्रदान संयन्त्र | - | १ | - | - | - |
| १३ | सार्वजनिक पदाधिकारी र कर्मचारीमा सदाचारिता र नैतिक मूल्यमान्यता प्रवर्धनका लागि कार्यक्रमहरू सञ्चालन गर्ने। | कार्यक्रम सङ्ख्या | ८ | ८ | ८ | ८ | ८ |
| १४ | जुनसुकै तरिकाले धन आर्जन गरी समाजमा आडम्बर देखाउने प्रवृत्ति निरुत्साहन गर्न अभियानकै रूपमा सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने। | सचेतना कार्यक्रम सङ्ख्या | ७ | ७ | ७ | ७ | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रणको प्रभावकारिताका सम्बन्धमा आयोगका पूर्व पदाधिकारी, सम्बन्धित विज्ञ तथा सरोकारवालाहरूसँग बैठक/ छलफल गर्ने। | बैठक/छलफल सङ्ख्या | १ | १ | १ | १ | १ |
| १६ | आयोगको लागि विभिन्न निकायका सम्पर्क विन्दुहरूसँग बैठक/ छलफल गर्ने। | बैठक/छलफल सङ्ख्या | १ | १ | १ | १ | १ |
| १७ | स्थानीय तहका पदाधिकारी, कर्मचारी तथा विभिन्न समितिका पदाधिकारी लक्षित अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | अभिमुखीकरण कार्यक्रम सङ्ख्या | १५० | १५० | १५० | १५० | १५० |
| १८ | आयोगको रणनीति कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गरी समीक्षा गर्ने। | समीक्षा कार्यक्रम | - | - | १ | - | १ |
| १९ | भ्रष्टाचार नियन्त्रण कार्यलाई सघाउ पुऱ्याउन प्रवर्धनात्मक सामग्री छपाइ र वितरण गर्ने। | छपाइ र वितरण भएको सङ्ख्या | १०००० | १०००० | १०००० | १०००० | १०००० |
| २० | भ्रष्टाचार नियन्त्रणमा आयोगको भूमिका समेटिएको डकुमेन्ट्री/सामग्री निर्माण तथा प्रसारण/प्रकाशन गर्ने। | डकुमेन्ट्री/सामग्री सङ्ख्या | २ | २ | २ | २ | २ |
| २१ | प्रसारण/प्रकाशन संस्थासँगको सहकार्यमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | सचेतनामूलक कार्यक्रम सङ्ख्या | २० | २० | २० | २० | २० |
| २२ | राज्यका तीनै तहका सरकारमा रहेका जनप्रतिनिधि तथा प्रशासकीय नेतृत्वमा रहेका पदाधिकारीहरूलाई भ्रष्टाचारविरुद्ध प्रतिबद्ध बनाउन आवश्यक अभिमुखीकरणसहित विभिन्न कार्यक्रम सञ्चालन गर्ने। | अभिमुखीकरण कार्यक्रम सङ्ख्या | १० | १० | १० | १० | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३ | राष्ट्रसेवकले कानुनसम्मत रूपमा आर्जन गरेको सम्पत्तिको उचित अभिलेखीकरण गर्नुपर्ने र प्रमाण सङ्ग्रह गर्नुपर्ने जस्ता विषयमा सचेतना कार्यक्रम सञ्चालन गर्ने। | सचेतना कार्यक्रम सङ्ख्या | २ | २ | २ | २ | २ |
| २४ | कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणालीमा सुधारका लागि फिचरहरू थप गर्दै जाने। | थपिएका फिचर सङ्ख्या | २ | २ | २ | २ | २ |
| २५ | आयोगको मानव स्रोत विकास तथा उपयोगसम्बन्धी कार्यविधि तथा मापदण्ड तर्जुमा गर्ने। | मानव स्रोत विकास तथा उपयोगसम्बन्धी कार्यविधि/ मापदण्ड | - | १ | - | - | - |
| २६ | अनुसन्धान अधिकृतहरूलाई अभिमुखीकरण तालिम प्रदान गर्ने। | अभिमुखीकरण तालिम सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ |
| २७ | अनुसन्धान अधिकृतहरूका लागि स्वदेश तथा विदेशमा अनुसन्धानसम्बन्धी तालिम प्रदान गर्ने। | तालिम सङ्ख्या | २ | २ | २ | २ | २ |
| २८ | अनुसन्धान अधिकृतहरूका लागि रङ्गेहात कारबाही, मुचुल्का लेखन, प्रतिवेदन तयारी, प्राविधिक नापजाँच, पोलिग्राफीलगायतका विषयमा विशिष्टीकृत तालिम प्रदान गर्ने। | विशिष्टीकृत तालिम सङ्ख्या | १ | १ | १ | १ | १ |
| २९ | उजुरीका भौतिक फाइल ट्र्याकिङका लागि बार कोडको उपयोग गर्ने। | बार कोडिङ भएका उजुरी फाइलहरूको सङ्ख्या | - | १००% | - | - | - |
| ३० | आयोगमा रहेको फरेन्सिक ल्याबमा अडियो-भिडियोको समेत परीक्षण गर्न सकिने गरी स्तरोन्नति गर्ने। | अडियो-भिडियो परीक्षण प्रणाली | - | - | १ | - | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३१ | आन्तरिक नियन्त्रण कार्यविधि तर्जुमा गर्ने। | आन्तरिक नियन्त्रण कार्यविधि | - | १ | - | - | - |
| ३२ | आयोगमा रहेको पोलिग्राफको ल्याबको लागि आवश्यक सफ्वटवेयर तथा सम्पूर्ण उपकरणहरूको व्यवस्था गर्ने। | पोलिग्राफ सफ्टवेयर तथा उपकरणहरू | - | १ | - | - | - |
| ३३ | आयोगमा पोलिग्राफ टेस्टिङको लागि आवश्यक दक्ष जनशक्तिको व्यवस्था गर्ने। | कम्तीमा २ जना दक्ष जनशक्ति | - | २ | - | - | - |
| ३४ | सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरको अनुसन्धान गर्नको लागि सो सम्बन्धमा अनुसन्धान अधिकृतहरूलाई विशिष्टीकृत तालिम प्रदान गर्ने। | विशिष्टीकृत तालिम सङ्ख्या | १ | १ | १ | १ | १ |
| ३५ | जनमानसमा रहेको आयोगप्रतिको छवि बारे अध्ययन-सर्वेक्षण गर्ने। | अध्ययन प्रतिवेदन सङ्ख्या | - | १ | - | - | १ |
| ३६ | अनुसन्धान प्रक्रियामा नवीन अनुसन्धान विधि प्रयोगसम्बन्धी निर्देशका तर्जुमा गर्ने। | नवीन अनुसन्धान विधि प्रयोगसम्बन्धी निर्देशका | - | १ | - | - | - |
| ३७ | सम्पत्ति शुद्धीकरण अनुसन्धानसम्बन्धी निर्देशिका तर्जुमा गर्ने। | सम्पत्ति शुद्धीकरण अनुसन्धानसम्बन्धी निर्देशिका | - | १ | - | - | - |
| ३८ | भ्रष्टाचार निवारण ऐन कार्यान्वयनको लागि कार्यविधि तर्जुमा गर्ने। | भ्रष्टाचार निवारण ऐन कार्यान्वयन कार्यविधि | - | १ | - | - | - |
| ३९ | पुरस्कार वितरण मापदण्ड तर्जुमा गर्ने। | पुरस्कार वितरण मापदण्ड | - | १ | - | - | - |

## ३.५ अपेक्षित उपलब्धि

यस रणनीतिक योजनाको कार्यान्वयनपश्चात् आयोगमा दर्ता हुने उजुरी फछ्र्यौट प्रतिशत हालको ७६.५९ प्रतिशतबाट वृद्धि भई ८५ प्रतिशत पुग्ने, आयोगले दायर गरेका मुद्दाको सफलता प्रतिशत हालको ६५.२४ प्रतिशतबाट वृद्धि भई ७५ प्रतिशत पुग्ने र भ्रष्टाचार अनुभूति सूचकाङ्कलाई हालको ३५ अङ्कबाट वृद्धि गरी ४३ अङ्क पुऱ्याउने सोह्रौं योजनाको लक्ष्य प्राप्तिमा उल्लेखनीय योगदान पुग्नेछ भन्ने अपेक्षा गरिएको छ। साथै, आयोगमा दर्ता हुने उजुरीहरूको फछ्र्यौटमा लाग्ने समयावधि उल्लेखनीय रुपमा घट्ने अपेक्षासमेत गरिएको छ।

# परिच्छेद ४

# रणनीतिक योजनाको कार्यान्वयन व्यवस्थापन

## ४.१ वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन एवम् मूल्याङ्कन

आयोगको यस रणनीतिक योजनाको कार्यन्वयनसम्बन्धी सबै आवश्यक कार्यहरू अघिल्लो परिच्छेदमा प्रस्तुत रणनीति कार्यान्वयन कार्ययोजना अनुसार नै आयोगका सम्बद्ध महाशाखा तथा कार्यालयहरूबाट सम्पन्न हुनेछन्। यस योजनाको कार्यान्वयनमा संलग्न हुने आयोगका सबै निकायहरूलाई आयोगको उच्च नेतृत्व तथा आयोग बाहिरका सम्बद्ध संस्थाहरूको पूर्ण सहयोग रहने अपेक्षा गरिएको छ। रणनीतिक योजना कार्यान्वयनअन्तर्गत सम्पादित कार्यको समग्र अनुगमन तथा मूल्याङ्कन आयोगका सचिव तथा सम्बद्ध महाशाखाबाट नियमित रूपमा हुनेछ र सो विषयमा आयोगलाई समय समयमा प्रतिवेदन गरिनेछ।

यस रणनीतिक योजनाको कार्यान्वयन व्यवस्थापनसम्बन्धी अन्य मुख्य कार्यहरू निम्नानुसार हुनेछन्:

(क) रणनीतिहरू कार्यान्वयन गर्नका लागि तय गरिएका प्रमुख कार्यहरू आयोगको वार्षिक कार्यक्रम र बजेटसँग आबद्ध गरिनेछ।

(ख) वार्षिक कार्यक्रममा परेका सबै क्रियाकलापहरूको कार्यान्वयनको हरेक वर्ष आवधिक रूपमा समीक्षा गरिनेछ।

(ग) आयोगले अवलम्बन गर्ने वार्षिक कार्यतालिका यसै रणनीति कार्यान्वयन कार्ययोजना अनुसार निर्माण हुनेछन्।



(घ) हरेक वर्ष गरिने आयोगको वार्षिक प्रगति समीक्षामा रणनीतिक योजना कार्यान्वयनको अवस्थाको समेत समीक्षा गरिनेछ। यसको अतिरिक्त यस पञ्चवर्षीय योजनाको मध्यावधि मूल्याङ्कन योजना कार्यान्वयनको तेस्रो वर्षमा गरिनेछ।

(ङ) वार्षिक बजेट/कार्यक्रम तर्जुमा वा परिमार्जन गर्दा आयोगले यस रणनीतिक योजना कार्यान्वयनका क्रममा भएको प्रगतिको मूल्याङ्कन एवम् समीक्षाको पृष्ठपोषणलाई समेत ध्यान दिइनेछ।

(च) रणनीतिक योजना अवधिमा हुने परिस्थितिजन्य परिवर्तनअनुरूप योजनामा आवश्यक समायोजन गर्नुपर्ने भएमा आयोगले सोसमेत गरी त्यसै अनुरूप आफ्ना क्रियाकलापहरू सञ्चालन गर्दै जानेछ।

## ४.२ वित्तीय व्यवस्था

यो रणनीतिक योजना कार्यान्वयनको लागि जम्मा **६९ करोड १५ लाख रूपैंया** लाग्ने अनुमान गरिएको छ। सो वित्तिय व्यवस्था नेपाल सरकारले उपलब्ध गराउने आयोगको नियमित वार्षिक बजेटबाट हुनेछ। यसका लागि नेपाल सरकारसँग विशेष पहल गरिनेछ।

## ४.३ आवश्यक मुख्य पूर्वाधार व्यवस्था

रणनीति कार्यान्वयन कार्ययोजनाअनुसार योजना कार्यान्वयनको लागि आवश्यक वित्तीय साधन, कार्यविधिगत व्यवस्था र पूर्वाधार व्यवस्था सुनिश्चित गर्नु पर्नेछ। साथै, आयोगले कार्यान्वयन गर्ने कार्यहरूको निमित्त आवश्यक प्रविधियुक्त संयन्त्र, कर्मचारी र विज्ञहरूलाई उपयुक्त तालिम तथा अभिमुखीकरण कार्यक्रम आयोजना गरी थप सक्षम बनाउने कार्यहरू गर्नु पर्नेछ।

रणनीतिक योजना कार्यान्वयन गर्न आयोगका प्रमुख आयुक्त, आयुक्तहरू तथा उच्च प्रशासनिक नेतृत्वको इच्छाशक्ति, प्रतिबद्धता, सहयोग र समर्थन आवश्यक हुनुका साथै कार्यपालिका, व्यवस्थापिका एवम् न्यायपालिका तथा भ्रष्टाचार नियन्त्रणमा प्रत्यक्ष/अप्रत्यक्ष संलग्न भई क्रियाशील रहेका पक्षहरूको सहयोग र सहकार्य अपरिहार्य हुनेछ। साथै, राज्यका सम्पूर्ण क्षेत्रमा सदाचारिताको प्रवर्धन र भ्रष्टाचार नियन्त्रणमा विशेष भूमिका बोकेका नागरिक समाज, समुदाय, दबाब समूहलगायत आम नागरिकको सहयोग पनि आवश्यक छ।

## ४.४ जोखिम न्यूनीकरणको व्यवस्था

यस रणनीतिको सफल कार्यान्वयनको सुनिश्चितताको लागि चाहिने मानवीय एवम् आर्थिक साधन, भौतिक एवम् प्रविधिजन्य पूर्वाधार व्यवस्था तथा राज्यका विभिन्न क्षेत्रहरूबाट हुनुपर्ने सहयोग र समर्थन अपेक्षा गरिए अनुसार नहुन पनि सक्नेछ। यस्तो अवस्थामा आयोगले निम्नअनुसार रणनीतिक योजना कार्यान्वयन गर्नेछः

(क) प्रस्तुत रणनीतिक योजनालाई वृहत्तर रूपमा आयोगका मुख्य संवैधानिक एवम् संस्थागत भूमिका निर्वाह गर्नका लागि कार्यदिशा प्रदान गर्ने एउटा महत्तवपूर्ण दस्तावेजको रूपमा लिने। योजना कार्यान्वयनको निरन्तर अनुगमन र आवधिक मूल्याङ्कनको आधारमा योजनाका रणनीति/कार्यनीति र कार्यान्वयन कार्ययोजनाका विभिन्न पक्षहरूमा आवश्यक परिमार्जन गर्दै अघि बढ्ने।

(ख) रणनीतिक योजना कार्यान्वयनको लागि आयोग बाहिरका पक्षबाट हुनुपर्ने नीतिगत र कानुनी व्यवस्थाहरू नभएको अवस्थामा पनि आयोगका आफ्नै कार्यप्रणाली-कार्यविधिमा सुधार गरेर वा उपलब्ध हुनसक्ने आर्थिक, मानवीय एवम् भौतिक साधनको सदुपयोग गरेर सम्भव भएसम्म सबै कार्यहरू सम्पन्न गर्ने।

(ग) कार्यसम्पादनमुखी व्यवस्थापन प्रणाली अवलम्बन गर्दै आयोगको रणनीति कार्यान्वयन कार्ययोजना अनुसारको वार्षिक लक्ष्यहरूलाई क्रमैसँग महाशाखागत, शाखागत, कार्यालयगत, कार्यसमूहगत र व्यक्तिगत तहमा विभाजन गरी आवश्यकताअनुसार त्यसलाई सम्बन्धित तहको कार्यसम्पादन योजनाको रूपमा कार्यसम्पादन करारको माध्यमबाट कार्यान्वयन गर्नेतर्फ अघि बढ्ने।

(घ) रणनीतिक योजनाको सफल कार्यान्वयनको लागि कर्मचारीको क्षमता विकासको साथै उनीहरूको प्रतिबद्धता, कार्य उत्प्रेरणा र मनोबल उच्च हुनु अनिवार्य भएकाले आयोगमा कार्यरत कर्मचारी एवम् विज्ञ समूहलाई आवश्यक तालिम, अध्ययन भ्रमण तथा उचित मौद्रिक एवम् गैरमौद्रिक प्रोत्साहनको माध्यमबाट उत्साहित गरी बढी क्रियाशील बनाउने।

(ङ) आयोगको रणनीतिक योजनाका मुख्य उद्देश्यहरू हासिल गर्न उपयुक्त विषयविज्ञ वा दक्षको सहयोग लिनसमेत आवश्यक हुन सक्ने हुँदा त्यस्ता सम्बद्ध विषयविज्ञ वा दक्षको प्रभावकारी परिचालन गरी आवश्यक सेवा लिने।

## ४.५ अनुगमन तथा मूल्याङ्कन

यस रणनीतिक योजनाको अनुगमन तथा मूल्याङ्कनका लागि देहायबमोजिम गरिनेछ :

### ४.५.१ अनुगमन

**(क) अनुगमनको जिम्मेवारी**

यस रणनीतिक योजनाको कार्यान्वयन कार्ययोजनामा उल्लिखित क्रियाकलापहरू तोकिएकै अवधिमा सम्पादन भए/नभएको जानकारी लिनु र कार्यान्वयनमा कुनै समस्या परेको भए त्यसको समयमै पहिचान गरी समाधान गर्नु अनुगमनको मुख्य उद्देश्य रहनेछ। यसका लागि आयोगको महाशाखा नं. १० लाई रणनीतिक योजना अनुगमनको जिम्मेवारी तोकिनेछ। साथै, यस रणनीति कार्यान्वयनको नियमित अनुगमनको लागि कार्यान्वयन कार्ययोजनाका सम्बन्धित क्रियाकलापहरू समयमै कार्यान्वयन भए/नभएको मापन हुने गरी आयोगको ओएएस प्रणालीमा छुट्टै मोड्युलको विकास गरिनेछ।

**(ख) अनुगमनमा नतिजा सूचकहरूको प्रयोग**

यस रणनीतिको कार्यान्वयन कार्ययोजनाको क्रियाकलापका लागि उल्लेख गरिएका नतिजा सूचकहरूलाई आधार मानी नियमित रूपमा अनुगमन गरिनेछ। रणनीतिक योजनाको कार्यान्वयन गर्दा खर्च भएको रकमबाट हासिल भएको नतिजा अनुगमन गर्न यी सूचकहरूको प्रयोग गरिनेछ।

**(ग) प्रतिवेदन तथा समीक्षा व्यवस्था**

रणनीतिक योजनाको कार्यान्वयन कार्ययोजनामा निर्दिष्ट जिम्मेवारीअनुसार क्रियाकलापहरूको कार्यान्वयन समयमै गर्नु र सोको प्रगतिको अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन आयोगको महाशाखा नं. १० मा पठाउने दायित्व जिम्मेवार महाशाखा वा कार्यालय प्रमुखको हुनेछ। यसरी प्राप्त प्रगतिको सङ्कलन तथा विश्लेषणसहितको प्रस्तुतीकरण तयार गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएपश्चात् वार्षिक प्रगति समीक्षा गरिनेछ।

### ४.५.२ मूल्याङ्कन

रणनीति कार्यान्वयनको वार्षिक समीक्षाका अतिरिक्त यसको मध्यावधि मूल्याङ्कन तथा कार्यान्वयन अवधि समाप्त भएपश्चात् अन्तिम मूल्याङ्कन गरिनेछ। मध्यावधि तथा अन्तिम मूल्याङ्कनको क्रममा रणनीतिले राखेका परिमाणात्मक लक्ष्यअनुसारको उपलब्धि र नतिजाको मूल्याङ्कन गरिनेछ। प्रत्येक क्रियाकलाप कार्यान्वयनसँग सम्बन्धित समस्याको लेखाजोखा एवम् समाधानका लागि अवलम्बन गरिएका उपायको प्रभावकारितासमेतको मूल्याङ्कन गरिनेछ। यसका साथै आवश्यकताअनुसार आवधिक तथा दीर्घकालीन सुधारका लागि मार्गदर्शनसमेत गरिनेछ। यस रणनीतिको मूल्याङ्कन देहायबमोजिम हुनेछः

**(क) मध्यावधि मूल्याङ्कन**

रणनीतिक योजना कार्यान्वयनको मध्यम अवधि समाप्त भएपछि मध्यावधि मूल्याङ्कन गरिनेछ। रणनीतिक योजना कार्यान्वयनको मध्यावधि मूल्याङ्कन तेस्रो पक्षबाट गर्नका लागि विज्ञ समूह वा कुनै स्वतन्त्र संस्थाको छनोट गरिनेछ। छनोट भएको विज्ञ टोली/संस्थाले यस रणनीतिले तय गरेका दूरदृष्टि, ध्येय, रणनीति, क्रियाकलाप र तिनका नतिजा सूचकका आधारमा मूल्याङ्कन गर्नेछ। मूल्याङ्कनकर्ताले मूल्याङ्कन गर्दा रणनीतिले निर्धारण गरेका लक्ष्य हासिल हुन नसकेको अवस्थामा त्यसका कारणहरू पहिचान गरी समाधानका लागि सिफारिस गर्ने वा आवश्यकताअनुसार लक्ष्य परिमार्जन गर्नुपर्ने भए सोसमेत सिफारिस गर्न सक्नेछ।

**(ख) अन्तिम मूल्याङ्कन**

रणनीति कार्यान्वयनको पाँच वर्ष पूरा भएपछि अन्तिम मूल्याङ्कन गरिनेछ। रणनीतिक योजना कार्यान्वयनको अन्तिम मूल्याङ्कन तेस्रो पक्षबाट गराइनेछ। यसका लागि विज्ञ समूह वा कुनै स्वतन्त्र संस्थाको छनोट गरिनेछ। मूल्याङ्कनकर्ताले नतिजा सूचकहरू हासिल भए/नभएको मूल्याङ्कन गर्न परिमाणात्मक तथा गुणात्मक प्राथमिक तथ्याङ्कको प्रयोग गर्नेछ।




# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं, नेपाल, पो.ब.नं. ९९९६

हटलाइन नं. : १०७

टोल फ्रि नं. : १६६०-०१-२२२३३

भाइबर/एसएमएस : ९८६३३३३१९१

फोन नं. : ९७७-०१-५२६२१५१, ५२६२२१९, ५२६२१७३, ५२६२०५९

इमेल : ujuri@ciaa.gov.np, info@ciaa.gov.np

वेबसाइट : www.ciaa.gov.np